# राजस्व सुधार कार्ययोजना

## [Revenue Improvement Action Plan] (RIAP)

## मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर बागमती प्रदेश

२०७९

# बिषय-सूची


**बिषय-सूची** १

**परिच्छेद एक : परिचय** १

*१.१ पृष्ठभूमि* ...... १

*१.२ राजस्व सुधार योजनाको औचित्य* ...... २

*१.३ योजनाले राखेका उद्देश्यहरु* ...... ४

*१.४ योजना तर्जुमा विधि र प्रक्रिया* ...... ५

*१.५ कार्ययोजना निर्माणका चरणहरु* ...... ६

१.५.१ सन्दर्भ सामाग्री सङ्कलन तथा अध्ययन ७

१.५.२ गाउँपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण ७

१.५.३ तथ्याङ्क ⁄सूचना सङ्कलन तथा विश्लेषण ८

१.५.४ राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण ८

१.५.५ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण ८

*१.६ योजनाका सीमाहरु* ...... ८

**परिच्छेद दुई : गाउँपालिकाको संक्षिप्त परिचय** १०

*२.१ संक्षिप्त परिचय* ...... १०

*२.२ मानव संसाधनको अवस्था* ...... १५

*२.३ भौतिक सम्पत्तिको अवस्था* ...... १७

**परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** १८

*३.१ पालिकाको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था* ...... १८

*३.२ आय परिचालनको अवस्था* ...... २१

*३.३ आन्तरिक स्रोत तर्फका राजश्व संकलनको प्रमुख क्षेत्रहरु र सम्भावना विश्लेषण* ...... २३

*३.३.१ गैह्र कर राजस्व* ...... ३१

**परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था** ३८

*४.१ राजश्व परिचालन नीतिहरू* ...... ३८

*४.२ आय संकलनको संस्थागत क्षमता (राजश्व शाखा तथा राजश्व प्रशासन)* ...... ३८

*४.२.१ राजश्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण* ...... ३८

*४.२.२ राजश्व परामर्श समिति* ...... ३९

*४.२.३ राजस्व प्रशासनमा सुधार गर्नुपर्ने पक्षहरु* ...... ३९

*४.३ राजश्व प्रशासन तथा नीतिसम्बन्धी सवालहरू* ...... ४०

*४.४ प्रभावकारी राजश्व परिचालनका प्रमुख पक्षहरू* ...... ४०

*४.४.१ कानूनी तथा नीतिगत व्यवस्था ........................................ ४१*

*४.४.२ उपयुक्त संगठन निर्माण ........................................ ४१*

*४.४.३ तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण ........................................ ४१*

*४.४.४ विभिन्न आयमूलक कार्यक्रम ........................................ ४१*

*४.४.५ पारदर्शिता र जवाफदेहिता ........................................ ४१*

*४.४.६ परिवर्तित ब्यवस्था अनुसार राजश्व संकलन ........................................ ४२*

**परिच्छेद पाँच : राजश्व सुधार कार्ययोजना** ४३

**परिच्छेद छ : आगामी तीन वर्षको आय प्रक्षेपण** ४९

*६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण ........................................ ५७*

*६.२ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण ........................................ ६२*

**परिच्छेद सात : अपेक्षित नतिजा** ६४

**परिच्छेद आठ : कार्य योजनाको अनुगमन तथा मूल्याङ्कन** ६६

अनसूची १: तथ्याङ्क सङ्कलन फाराम (१) ६९

अनुसूची २ : तथ्याङ्क सङ्कलन फाराम (२) ७२

अनुसूची ३: कार्यक्रमका क्रममा खिचिएका तस्विरहरू ८७

अनुसूची ४: पृष्ठपोषण सम्बन्धमा ९४

**तालिकाहरू :**

*तालिका नं. १: वडा विभाजन तथा भौगोलिक अवस्था सम्बन्धी विवरण........................................ ११*
*तालिका नं. २: मनहरी गाउँपालिकाको वडागत घरधुरी र जनसङ्ख्या विवरण........................................ १३*
*तालिका नं. ३: पालिकामा कार्यरत कर्मचारीहरुको विवरण........................................ १६*
*तालिका नं. ४: स्थानीय सरकार संचालन ऐन २०७४ अनुसारको राजस्व अधिकार........................................ १८*
*तालिका नं. ५: तहगत राजस्व अधिकार........................................ २१*
*तालिका नं. ६: पालिकाको आय परिचालनको अवस्था........................................ २२*
*तालिका नं. ७: पालिकाको सम्पति करको सम्भावनाको अवस्था........................................ २५*
*तालिका नं. ८: पालिकामा घरवहाल करको सम्भावनाको गणना........................................ २६*
*तालिका नं. ९: व्यवसाय करको सम्भावनाको गणना........................................ २८*
*तालिका नं. १०: व्यवसाय रजिष्ट्रशन दस्तुरको सम्भावनाको गणना........................................ ३२*
*तालिका नं. ११: सिफारिश दस्तुरको विवरण........................................ ३५*
*तालिका नं. १२: नक्सा पास दस्तुरको सम्भावनाको गणना........................................ ३५*
*तालिका नं. १३: सरकारी सम्पतिको बहालबाट आय........................................ ३६*
*तालिका नं. १४: राजस्व परामर्श समिति विवरण........................................ ३९*
*तालिका नं. १५: राजस्व सुधार कार्ययोजना........................................ ४३*
*तालिका नं. १६: तीन बर्षको अनुमान र वास्तविक विवरण........................................ ५०*
*तालिका नं. १७: तीन आर्थिक बर्षको लागि आय प्रक्षेपण........................................ ५७*
*तालिका नं. १८: पालिकाको आय संरचना........................................ ६२*

**चित्रहरू:**

चित्र नं. १ : वितीय हस्तान्तरण प्रक्रिया १
चित्र नं. २ : राजस्व सुधार कार्ययोजनाको औचित्य ४
चित्र नं. ३ : कार्ययोजना तर्जुमाका चरणहरु ६
चित्र नं. ४ : गाउँपालिकाको नक्सा १०
चित्र नं. ५ : पालिकाको आगामी तीन वर्षको आन्तरिक आय प्रक्षेपण ६३

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

नेपाल अधिराज्यको विद्यमान संवैधानिक व्यवस्था अनुसार नेपालको संविधान २०७२ को भाग ५ राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अन्तर्गतको धारा ५६ मा व्यवस्था भएअनुसार सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहबाट नेपालको मूल राज्य सञ्चालन भइरहेको छ । संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई कार्य जिम्मेवारी तथा स्रोत परिचालन गर्न सक्ने उलेख्य अधिकार दिएको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा पर्ने सेवा प्रवाह तथा विकास निर्माणको क्षमतालाई वृद्धि गर्नका लागि आफ्नो आय परिचालन क्षमतालाई वृद्धि तथा आय परिचालन क्षमतामा पनि सुधार गर्न आवश्यक हुन्छ । यसका अतिरिक्त प्राकृतिक तथा अन्य मानवीय कारणले अकस्मात सिर्जना हुने प्रतिकुल परिस्थितिलाई सामना गर्नसक्ने गरी उत्थानशील हुन पनि आय परिचालन क्षमता सुदृढ हुन जरूरी पर्दछ ।

प्रत्येक स्थानीय सरकारलाई नेपालको संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने साधनको परिपूर्तिका लागि एकल प्रयासले स्थानीय तहबाट मात्र सम्भव नहुने भएकोले सङ्घ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ । सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय वित्त व्यवस्थापनका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर कर लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संवैधानिक रुपमै प्रदान गरिएको छ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानून बमोजिम राजस्व बाँडफाँड बापत प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ ।

**चित्र नं. १ : वित्तीय हस्तान्तरण प्रक्रिया**



स्थानीय सरकारलाई प्राप्त भएका वित्तीय अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न थप प्रयास गर्नुपर्ने आवश्यकता महशुस भएको छ । यसको मुख्य कारणहरुमा स्थानीय सरकारलाई प्राप्त कतिपय अधिकारहरु नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना, आयको सम्भावना अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदि व्यवस्था तथा अभ्यासको कमी हुनु रहेको छ ।

स्थानीय तहमा विकास निर्माणका कार्यहरु गर्न तथा स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरुको वित्तीय सामर्थ्य वृद्धि गर्नका लागि ती निकायहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकबन्न पुगेको छ । यसका लागि संविधान तथा एनले प्रदान गरेका स्थानीय तहक राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना खाँचो देखिन्छ ।

स्थानीय तहमा राजस्व सम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरुको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुद्दढ गर्ने तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण कार्यमा सहजीकरण गर्ने प्रयोजनका लागि बागमती प्रदेश अन्तरगर्तका स्थानीय तहहरुले राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरी स्थानीय तहहरुको राजस्व सुधार गर्नका लागि अवलम्बन गर्नुपर्ने क्रियाकलापहरुको कार्ययोजना आवश्यक छ । सो कार्यका लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले यस प्रदेश अन्तरगतका विभिन्न स्थानीय तहहरुको राजस्व सुधार कार्ययोजना तयार गर्नका लागि आवश्यक प्राविधिक सहयोग गरी रहेको छ ।

यस दस्ताबेज तर्जुमाको क्रममा भएका प्रयासहरुमा गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरुले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण, गाउँपालिकाको आन्तरिक आय सुधारका लागि सहभागितात्मक विधिबाट समस्या तथा अवसरहरुको पहिचान गरी मुख्य उपलब्धिका रुपमा गाउँपालिकाको कार्ययोजना तयारी र आय सम्भाव्यताको विश्लेषण गरी गाउँपालिकाको आय प्रक्षेपणलाई मार्गदर्शन जस्ता कार्यहरु रहेका छन् ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

नेपालको संविधानले सङ्घीयतामा तहगत सरकारहरुलाई नै कार्यजिम्मेवारी निश्चित गरेको छ । ती जिम्मेवारीहरु पुरा गर्न आवश्यक स्रोतको व्यवस्था गर्दा अन्तरसरकारी वित्तिय हस्तान्तरणको अलावा आफ्नो कार्यक्षेत्रमा तोकिएका स्रोतबाट संविधानले प्रदान गरेको अधिकार अनुरुप स्थानीय तहले राजस्व परिचालन गरी साधन स्रोतको जोहो गर्ने गर्दछन् । जनताको बढ्दो माग बमोजिमको विकास तथा अन्य खर्च धान्नका लागि आवश्यक सामर्थ्य अभिवृद्धि गर्न पनि ती स्थानीय सरकारहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि हुनु अपरिहार्य देखिन्छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्न, सम्भाव्य क्षेत्रको पहिचान तथा राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी तिनको यथोचित कार्यान्वयन गर्न र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरी तयार पारिएको छ ।

स्थानीय तहलाई कर वा गैर कर वापत रकम तिर्ने स्थानीय निवासीहरुले आफुले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस विषयमा नियमित रुपमा आफ्नो गाउँपालिकासँग प्रश्न सोध्ने हुनाले गाउँपालिका

पनि जनताप्रति सोझै उत्तरदायी हुने वातावरण सिर्जना हुन्छ । सेवा प्रवाहमा पनि सुधार हुन्छ र जनताको सन्तुष्टिको मात्रा पनि बढ्दै जान्छ । आन्तरिक स्रोतबाट परिचालित राजस्व खर्च गर्दा स्थानीय तहले कुनैपनि बाह्य शर्तहरु पालना गर्नु नपर्ने भएकोले यसको मात्रा जति बढी भयो त्यति बढी मात्रामा स्वायत्तताको अनुभूति गर्दछन् । यसरी स्थानीय तहले जति बढी स्वायततापूर्वक काम गर्न पाउँछन् त्यति नै सङ्घीयता सफल र सुदृढ हुँदै जान्छ ।

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्नचिन्ह लाग्ने सम्भावना रहन्छ । यस परिपेक्ष्यमा स्थानीय सरकारले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुन्छ । यसका लागि जन निर्वाचित पदाधिकारीहरु र राष्ट्रसेवक कर्मचारीहरुलाई संविधानले प्रदत्त गरेका काम कर्तव्य र अधिकारहरु कुशलता साथ सम्पादन गरी नागरिकहरुलाई छिटो छरितो गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न सहयोग पुऱ्याउनु पहिलो र महत्वपूर्ण कार्य हो भने भर्खरै सम्पन्न भएका स्थानीय तहको संस्थागत अवस्था स्व-मूल्याङ्कन गरी सुधारका क्षेत्रहरुको पहिचान गरी तदनुरुप आवश्यकता र मागमा आधारित  क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै लैजानु आवश्यक छ । यसका साथै स्थानीय तहलाई संविधान र ऐनले दिएको अधिकार प्रयोग गरी वित्तीय रुपमा सवल र सक्षम बनाउन राजस्व परिचालन सम्बन्धी ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्दै सार्वजनिक विकास निर्माण र सेवा प्रवाहमा सक्षम बनाउन आवश्यक छ ।

गाउँपालिकामा थप आन्तरिक राजस्व परिचालन गर्न यसको अधिकार क्षेत्रभित्र सबै उपलब्ध आन्तरिक आयका स्रोतहरुबाट सम्भाव्य राजस्व परिचालन गर्नु अनिवार्य हुन्छ । यसमा सुधार ल्याउन गाउँपालिकाको बाह्य वातावरण तथा राजस्व प्रशासनको समेत विश्लेषण गर्नुपर्ने हुन्छ । यसैले राजस्व परिचालनमा सुधारका कृयाकलापहरु पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने भार समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रावधान बमोजिम यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाबाट गाउँपालिकालाई आफ्नो आन्तरिक आय परिचालन सुधारका साथै राजस्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागितामूलक र वैज्ञानिक बनाई बजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । यसै सन्दर्भमा मनहरी गाउँपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका कृयाकलापहरु पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यका लागि यो राजस्व सुधार कार्ययोजना निर्माण गर्न लागिएको छ । राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्यको शांरासलाई निम्न चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. २ : राजस्व सुधार कार्ययोजनाको औचित्य**




### १.३ योजनाले राखेका उद्देश्यहरु

यस गाउँपालिकाको आन्तरिक आयका सम्भावनाहरुको पहिचान तथा अधिकतम परिचालनका लागि देखिएका समस्याहरु न्यूनीकरण गर्न कार्ययोजना तयार गरी सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुर्याउनु नै यस योजनाको मूलभूत उद्देश्य हो । यस योजनाका खास उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

- स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा सम्भावित करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- राजस्व वृद्धिको लागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको संगठनात्मक सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित पालिकाको राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण ।

- स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- नयाँ सम्भावनाहरुको पहिचान गर्दै स्थानीय तहले अपनाउनुपर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- स्थानीय तहको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारका लागि सुझाव प्रदान गर्ने ।

## १.४ योजना तर्जुमा विधि र प्रक्रिया

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा विभिन्न विधी तथा प्रक्रियाको प्रयाग गरी सम्पन्न भएको थियो । सो प्रक्रियामा स्थानीय तहका पदाधिकारी, कर्मचारी, सम्बन्धित समितिहरु र सरोकारवालाहरुको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अवलम्बन गरिएको थियो । यसको मार्गदर्शकका रुपमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ लाई लिईएको छ । साथै स्थानीय आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजस्वका स्रोतहरुलाई समेट्ने उद्देश्यले तथ्याङ्क तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी निर्देशिका बमोजिम कार्ययोजना तर्जुमा गरिएको छ ।

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यक्रम तय गरी सो सम्बन्धमा मनहरी गाउँपालिका, मकवानपुर, बागमती प्रदेश र यस एन् डि सि बीच भएको सम्झौता पश्चात विभिन्न समयमा भएका छलफलहरुबाट गाउँपालिकाबाट आवश्यक सन्दर्भ सामग्री सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि मुलत: Coaching & Mentoring (स्थलगत रुपमा सँगसँगै काम गर्दै सिकाउँदै जाने) विधिलाई आधार मानिएको छ । जसमा अन्तर्गत भएका कार्यहरु तल उल्लेख गरिएको छ ।

- मनहरी गाउँपालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिला परामर्शदाताले प्रदेश प्रशिक्षण केन्द्रको सम्बन्धित विज्ञ वा तोकिएको कर्मचारीहरुसँग मनहरी गाउँपालिकामा गर्नुपर्ने कार्यको योजना बनाई छलफलबाट अन्तिम रुप दिई अगाडी बढाईएको थियो ।
- मनहरी गाउँपालिकाबाट राजस्व कार्ययोजना तर्जुमा कार्यको गुणस्तर सुनिश्चितताका लागि अनुगमन र फलोअप तथा प्रदेश प्रशिक्षण केन्द्रबाट अनुगमनको काम भएको छ । सो कार्यका लागि सेवा प्रदायक संस्थाले यो कार्य गर्नका लागि विस्तृत कार्ययोजना समेत पेश गरेको थियो । परामर्शदाताले प्रदेश सुशासन केन्द्रको सम्बन्धित विज्ञ वा तोकिएको कर्माचारीहरुसँग निरन्तर समन्वयमा कार्य सम्पन्न भएको थियो ।
- राजस्व सुधार कार्ययोजना निर्माण प्रकृयालाई सहभागितामूलक विधिबाट सञ्चालन गरेको थियो । साथै यस विषयमा मनहरी गाउँपालिकाका कर्मचारीहरुको पनि क्षमता अभिवृद्धि गरिएको थियो । यस सन्दर्भमा मनहरी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा अन्य जनप्रतिनिधि, कर्माचारी एवम् सरोकारवालाहरुको सहभागिता र समूह छलफलबाट राजस्व सुधार सम्बन्धी आवश्यकताहरु पहिचान गरिएको थियो ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ मा उल्लेखित सम्बन्धित फारामहरु विधि तथा प्रकृयाहरु प्रयोग गरी (छलफल तथा कार्यशाला) मार्फत राजस्व सुधार कार्ययोजना निर्माण गरिएको छ ।

- यस प्रकृयाबाट पहिचान गरिएका आवश्यकताहरुलाई एकिकृत गरी मनहरी गाउँपालिकाको ३ वर्षे राजस्व सुधार कार्ययोजना तयार गरिएको छ र अन्तिम दस्तावेज तयार गरी मनहरी गाउँपालिकालाई प्रस्तुतिकरण गरी आवश्यक सुझावहरुलाई सङ्कलन गरी दस्तावेजलाई अन्तिम रुप दिइएको छ ।
- राजस्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेज (विद्युतिय तथा भौतिक प्रति) मनहरी गाउँपालिका र प्रदेश प्रशिक्षण केन्द्र, मा बुझाइएको छ ।
- प्रदेश प्रशिक्षण केन्द्रबाट कार्यक्रमको अन्तिम भुक्तानी लिनका लागि प्रदेशमा गठन मूल्याङ्कन समितिको अन्तिम मूल्याङ्कन पश्चात खर्चसँग सम्बन्धित आवश्यक विल, भरपाई सहित कार्यक्रमको अन्तिम प्रतिवेदन बुझाइएको छ ।

## १.५ कार्ययोजना निर्माणका चरणहरु

यस गाँउपालिकाको राजश्व सुधार कार्य योजना निर्माण गर्दा परामर्शदाताले सहभागितामूलक विधि र प्रकृया प्रयोग गरी राजस्व सुधार कार्ययोजना तयार गरिएको थियो । अध्ययनको सन्दर्भमा प्राप्त जानकरी र तथ्याङ्कहरुको परिणात्मक र गुणात्मक विश्लेषण गर्न मिश्रित विधिहरुको प्रयोग गरेको थियो । राजस्व सुधार कार्ययोजना तयार गर्ने क्रममा निम्न चरणहरु अपनाइएको थियो ।

**चित्र नं. ३ : कार्ययोजना तर्जुमाका चरणहरु**

| | |
|---|---|
| १ | राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी निर्णय र समय सारिणी निर्धारण |
| २ | योजना तर्जुमा कार्यदल गठन |
| ३ | योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामाग्रीहरु सङ्कलन तथा अध्ययन |
| ४ | प्रारम्भिक कार्यशालाको आयोजना |
| ५ | सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण |
| ६ | राजस्व सुधार कार्ययोजना तयारी (प्रारम्भिक) |
| ७ | योजनाको मस्यौदा तयारी |
| ८ | राजस्व सम्भावना विश्लेषण तथा राजस्व प्रक्षेपण |
| ९ | मस्यौदा प्रतिवेदन गाउँपालिकामा प्रस्तुति र सुझाव सङ्कलन |
| १० | मस्यौदा पुनरावलोकन र अन्तिम मस्यौदा तयारी |

### १.५.१ सन्दर्भ सामाग्री सङ्कलन तथा अध्ययन

कार्य योजना तयारीको प्रथम चरणमा विज्ञ समूहबाट सो को लागि आवश्यक पर्ने जानकारी तथा सूचनाहरु विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरुको रुपमा सङ्कलन तथा पुनरावलोकन गरिएको छ । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामाग्रीहरु देहाय अनुसार रहेका छन् :

- गाउँपलिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६
- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- मनहरी गाउँपालिकाको पाश्र्वचित्र २०७५ (मस्यौदा प्रतिवेदन)
- मनहरी गाउँपालिकाको आय/व्यय विवरण (आ.व. २०७५/७६-२०७७/७८)
- मनहरी गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएको आ.व. २०७८/७९ का लागि निर्धारण गरिएको विभिन्न करहरुको दर रेट (आर्थिक ऐन २०७८)
- आन्तरिक राजस्व व्यवस्थापनको तेस्रो सुधार कार्ययोजना (२०७५/७६-२०७७/७८)
- नेपाल सरकारको सङ्घीय नीति, ऐन, नियमावली, योजना, आदि
- मनहरी गाउँपालिका आर्थिक ऐन, २०७६
- एकीकृत आर्थिक सङ्केत तथा वर्गिकरण र व्याख्या, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६

### १.५.२ गाउँपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण

कार्य योजना तयारीको क्रममा मनहरी गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सूचना प्रविधि अधिकृत तथा आन्तरिक लेखा परीक्षकसँग लगायतसँग प्रत्यक्ष छलफल गरी गाउँपालिकाकले हालसम्म परिचालन गरि आएका करका आधारहरु, राजस्व परिचालनको अवस्था, सुधार गर्न सकिने क्षेत्र, राजस्व प्रशासनको वर्तमान संरचना, यसमा सुधार गर्न सकिने क्षेत्र, पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका सवालहरु र हाल तयार गर्न लागेको राजस्व सुधार कार्ययोजना तर्जुमा र यसको प्रक्रियाबारे जानकारी गराई गाउँपालिकाको भूमिका सम्बन्धमा स्पष्ट पारिएको थियो ।

सोही क्रममा राजस्व सुधार कार्ययोजनाका लागि कार्यतालिका निर्धारण तथा कार्यजिम्मेवारी बाडफाँड गरी आवश्यक सूचना तथा जानकारीहरु सङ्कलनका लागि तयार गरिएको फाराम अनुसार संकलन गरिएको थियो । संकलित भएका सो सँग सम्बन्धित सूचना, सामाग्रीहरु तथा जानकारीहरुका आधारमा मनहरी गाउँपालिकाको राजस्वको अवस्था बारे जानकारी हाँसिल हुनुका साथै मुख्य सवालहरु पहिचान गर्न मद्दत पुगेको हो । आवश्यक सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा विश्लेषण पश्चात विज्ञहरुको टोलीबाट तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरुको विकास गरि सो फारामलाई अन्तिम रुप दिन यस कार्यमा सङ्लग्न विज्ञहरुबीच आवश्यक छलफल र अन्तरक्रिया समेत गरिएको थियो । सूचना सङ्कलनका लागि तयार गरिएको फारमहरु निम्नानुसार छन् ।

- गाउँपालिकाको परिचयको लागि आवश्यक आधारभूत र संस्थागत सूचना तथा मुख्य पदाधिकारीहरुसँगको परामर्शका लागि तयार गरिएको सूचना सङ्कलन चेकलिष्ट अनुसुची १ मा रहेको छ । यस सूचीमा मुख्यत: गाउँपालिकको संक्षिप्त परिचय, गठन, राजस्व प्रशासनको अवस्था र विगत तीन आर्थिक वर्षको राजस्व परिचालनको स्थिति बारे जानकारी लिने उद्देश्यले यो फारमको प्रयोग गरिएको थियो ।

- राजस्वका शिर्षकगत समूह छलफलका लागि आवश्यक सूचनासँग सम्बन्धित फारम अनुसूची २ मा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार कर र गैरकरहरुको शीर्षकगत रुपमा वर्तमान समस्याहरु, सम्भावना, समाधानका लागि गर्नुपर्ने उपायहरु र जिम्मेवार निकायको पहिचान र कार्यान्वयनको समयावधीका बारेमा समूहगत रुपमा छलफल गर्नका लागि यो फारम प्रयोगमा ल्याईएको हो ।

### १.५.३ तथ्याङ्क /सूचना सङ्कलन तथा विश्लेषण

मनहरी गाउँपालिकाबाट सङ्कलित विगतका आय तथा व्यय, आर्थिक ऐन तथा विनियोजन ऐन, नीति तथा कानूनहरु र पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा गाउँपालिका र वडास्तरका प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरु विश्लेषण गरिएको छ । जसबाट कार्ययोजना तर्जुमा सम्बन्धी अपुग सूचना, अस्पष्टता र मुख्य सवाल सम्बन्धी जानकारी प्राप्त भयो । यी विषयमा थप प्रष्टताका लागि गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतसँग भएको अन्तर्क्रियामा एक आपसमा प्रष्ट हुनुपर्ने विषय, गाउँपालिकाले भोगिरहेका चुनौतीहरु, अपेक्षा र आवश्यकता बारेमा जानकारी आदान प्रदान भयो । त्यसपछि सबै प्राप्त सूचनाहरु र अन्तर्क्रियाबाट प्राप्त वस्तुस्थित बारेको थप स्पष्टता पछि केही अझ स्पष्ट हुनुपर्ने विषयहरु तथा कार्य योजना तयारी विश्लेषण तथा लेखनका दौरानमा आएका सवालहरुलाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा लेखा अधिकृतसँग टेलिफोन छलफल गरि स्पष्ट गरी सोही आधारमा राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन तयार गरिएको छ ।

### १.५.४ राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण

संकलनका समयमा प्राप्त भएका सन्दर्भ सामाग्री अध्ययन एवं प्रारम्भिक विश्लेषण, गाउँपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण र तथ्याङ्क/सूचना सङ्कलन लगायतका क्रियाकलापहरु तथा प्राप्त सुचनाको विश्लेषणका आधारमा पहिचान भएको वार्षिक कुल सम्भाव्यता र स्रोतबाट प्राप्त हुन सक्ने राजस्वलाई आगामी तीन आर्थिक वर्षका लागि प्रक्षेपण गरिएको छ । साथै मनहरी गाउँपालिकामा मस्यौदा प्रतिवेदनको प्रस्तुतिकरण गरी प्राप्त सुझावहरु सङ्लग्न तथा समावेश गरी यसलाई अन्तिम रुप दिइएको छ ।

### १.५.५ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण गर्नका लागि सुझावहरु समेत समावेश गरी तयार गरिएको राजस्व सुधार कार्ययोजनालाई गाउँपालिकाले आवश्यक छलफल तथा स्वीकृति गरी कार्यान्वयन गर्ने र कार्ययोजना बमोजिम कार्य भए नभएको जानकारी लिन समय समयमा समिक्षा र आवश्यकता अनुसार सुधारका लागि छलफल गर्न तथा नियमित रुपमा गर्ने अनुगमन सम्बन्धी सुझाव समावेश गरिएको छ । राजस्व सुधार कार्ययोजना कार्यान्वयन गर्दा चाल्नुपर्ने रणनीति र क्रियाकलाप तथा राजस्व परिचालनका सम्बन्धमा मनहरी गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीहरुलाई प्रशिक्षण तथा अभिमुखीकरण गर्ने कार्य सम्पन्न गरिएको छ ।

### १.६ योजनाका सीमाहरु

मनहरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ ।

- योजनामा समेटिएका राजस्व सुधारका रकम र कार्ययोजनालाई राजस्व परामर्श समितिबाट निश्चित समयसीमामा समीक्षा गर्दै परिमार्जन गर्नुपर्ने छ । यसका लागि राजस्व परामर्श समिति र सम्वन्धित विषयविज्ञको सहयोगबाट परिमार्जन हुदै कार्यान्वय हुन सकेमा यस योजनाको प्रभावकारिता रहनेछ ।
- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज, प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छ ।
- गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, अन्तरवार्ता, गाउँपालिकाका पदाधिकारीहरु तथा सम्बन्धित कर्माचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको अन्तरक्रिया तथा कार्याशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको छ । यसका अलावा प्रदेश सुशासन केन्द्र तथा पालिकामा मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण गरी प्राप्त सुझावहरु सङ्लग्न गरिएको छ ।
- गाउँपालिकाको जनसङ्ख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक सन्तुष्टिमा हुने वृद्धि, मूल्याङ्कन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व सङ्कलनमा असर गर्ने भएतापनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोल खण्डमा आय प्रक्षेपणमा आधार लिन कठिनाई हुन सक्छ ।
- गाउँपालिकाको अभिलेख व्यवस्थित भइ नसकेको खण्डमा ऐतिहासिक प्रवृति देखिने तथ्याङ्कीय विश्लेषणका लागि आवश्यक तथ्याङ्क र सूचनाको अभावमा स्टाटिस्टिकल टुल्सहरुको प्रयोग गरी विश्लेषण तथा प्रक्षेपण गर्न अलि असहज हुने देखिन्छ ।

# परिच्छेद दुई : गाउँपालिकाको संक्षिप्त परिचय

## २.१ संक्षिप्त परिचय




चित्र नं. ४ : गाउँपालिकाको नक्सा

मनहरी गाउँपालिका नेपालको ३ नं प्रदेश अन्तर्गत मकवानपुर जिल्लामा पर्दछ । १९९.५२ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा हेटैडा उ.म.न.पा. र राक्सीराङ्ग गा.पा. पर्दछ भने, पश्चिममा चितवन राष्ट्रिय निकुन्ज, उत्तरमा राक्सीराङ्ग गाउँपालिका र दक्षिणमा पर्सा जिल्ला पर्दछन् भने गाउँपालिका समुन्द्रि सतहबाट ३९० मिटर देखि ७६० मिटरको उचाईमा रहेको छ । मनहरी गाउँपालिकालाई मिति २०७३ फागुन २२ गते साविकका मनहरी र हाँडिखोला गा.वि.स. समावेश गरी जम्मा ९ वडा कायम गरिएको छ । मकवानपुर जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरूमा विकासको राम्रो सम्भावना बोकेको गाउँपालिकाको रुपमा मनहरी गाउँपालिका रहेको छ । यसका अतिरीक्त यहाँका सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँवासी समेत यो गाउँपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन् घरधुरी तथ्याङ्क सर्वेक्षण, २०७४ अनुसार गाउँपालिकामा कुल ३०,०९७ जनसंख्या रहेका छन् । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धैरै १८,०४३ अर्थात ४६.१५ प्रतिशत तामाङ, दोस्रोमा ५,६२४ अर्थात १४.३८ प्रतिशत मगर, तेस्रोमा ब्राह्मण ११.२९ प्रतिशत, चौथो र पाँचौमा क्रमश चेपाङ÷प्रजा ९.४४ प्रतिशत र कामी ४.५३ प्रतिशत रहेका छन् । गाउँपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरूमा व्यापार, व्यवसाय, लघुउद्योग, नोकरीका साथै वैदेशिक रोजगारी हुन् । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होली, महाशिवरात्री, कृष्णजन्माष्टमी, छोनाम (न्वागी), बकरइद, रमाजान, छठपर्व, होली, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

### नामाकरण

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, गाउँपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालीन माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३।११।२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३।११।२२ मा साविकका मनहरी र हाँडिखोला गा.वि.स.लाई समेटेर मनहरी गाउँपालिका घोषणा गरिएको हो । यस गाउँपालिकामा ९ वडाहरू कायम गरिएको छ ।

## २.१.१ अवस्थिति

मनहरी गाउँपालिका भौगोलिक हिसाबले ८४°४२'३५" देखि ८५°५७'३६" पूर्वी देशान्तर र २७°२३'३४" देखि २७°३६'३७" उत्तरी अक्षांशमा अवस्थित छ ।  यहाँको जम्मा जनसंख्या ३०४९५, र केन्द्र मनहरी ७, रजैया रहेको छ । यस गाउँपालिकाको पूर्वमा हेटौडा उ.म.न.पा. र राक्सीराङ्ग गा.पा. पर्दछ भने, पश्चिममा चितवन राष्ट्रिय निकुन्ज, उत्तरमा राक्सीराङ्ग गाउँपालिका र दक्षिणमा पर्सा जिल्ला पर्दछन् । यो  गाउँपालिका समुन्द्रि सतहबाट ३९० मिटर देखि ७६० मिटरको उचाईमा रहेको छ । प्राकृतिक सौन्दर्यका हिसाबले यस गाउँपालिकाको सुन्दरता लोभलाग्दो र पर्यटकीय सम्भावना प्रचुर मात्रामा देखिन्छ ।

*तालिका नं. 1: वडा विभाजन तथा भौगोलिक अवस्था सम्बन्धी विवरण*

| क्र.सं. | समावेश गाविस | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल प्रतिशत | जनघनत्व |
|---|---|---|---|---|
| १ | हाँडिखोला १ र २ | १७.३४ | ८.६९ | १९६ |
| २ | हाँडिखोला ४ | १७.३७ | ८.७१ | १७४ |
| ३ | हाँडिखोला ३, ५ र ६ | १७.२६ | ८.६५ | ३०५ |
| ४ | हाँडिखोला ७ | २८.१२ | १४.०९ | १०३ |
| ५ | हाँडिखोला ८ र ९ | २६.१९ | १३.१३ | १३८ |
| ६ | मनहरी १, २ र ५ | ३८.९५ | १९.५२ | १८१ |
| ७ | मनहरी ३ र ६ | ५.३८ | २.७० | ११३३ |
| ८ | मनहरी ४ र ९ | ७.८० | ३.९१ | ३७७ |
| ९ | मनहरी ७ र ८ | ४१.१२ | २०.६१ | ११८ |
| | **जम्मा** | **१९९.५३** | **१००** | **१९६** |

*स्रोत:  मनहरी गाउँपालिका पाश्वचित्र, २०७५*

## २.१.२ भू-बनोट र प्राकृतिक स्रोतहरु

यस गाउँपालिकामा पहाड, खोच, बेंसी र तराईका फाँटहरु समेत पर्दछन् । यहाँका खेत बारीमा मलिलो माटो हुँनाले प्रसस्त मात्रामा धान, मकै, गहुँ तोरी तथा तरकारी उत्पादन हुन्छ । यस क्षेत्रमा धरातलीय स्वरुपका हिसावले अधिकांश भू-भाग कृषियोग्य जमिन, वन क्षेत्र, चरण क्षेत्र, र बुट्यान क्षेत्रले ओगटेको छ भने अन्य भू-भाग बगर क्षेत्र, खोला नाला, बस्ती क्षेत्र र बाँझो जग्गा रहेको छ ।
मनहरी गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रबृत्तिका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने क्रममा राखिएको छ ।अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रबृत्ति भूबनोट अनुसार फरक पर्दै जान्छ । त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षणका आधारमा माटोको अवस्था र भिरालोपन आँकलन गरिएको छ । मनहरी गाउँपालिकाको

भूमिलाई भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलन जस्ता तत्वका आधारमा भूमिको वर्गीकरणलाई हेर्दा गाउँपालिकाको जमिनमा ६.८ डिग्रि देखि ३० डिग्रि सम्मको भिरालोपन देखिन्छ । यस गाउँपालिकाको भू-उपयोगको अवस्थालाई हेर्दा धैरै समथर भूमि रहेको पाइन्छ । समथर भूमि भएको कारणले यस गाउँपालिकाको भिरालोपनामा खासै फरक नभएको हो । प्राकृतिक स्रोतका हिसाबले सम्पन्न मनहरी गाउँपालिका खानेपानी, सिञ्चाई र पर्यटनको लागि समेत प्रख्यात छ ।

यस गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा साल, अस्ना, चाँप, खोटे सल्लो, चिलाउने, गोब्रे सल्लो, कटुस, उत्तिस, सिमल आदि पाइन्छन् । यसै गरी जन्तुहरूमा चितुवा, भालु, चित्तल, बँदेल, रतुवा लगायत अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा मयुर, कालिज, ढुकुर, तित्रा, कोइली आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन् ।

गाउँपालिकाको कुल क्षेत्रफलमा २९१५.७५ हे. सामुदायिक वन, १७९.४१ हे. कबुलियति वन,२४.६४ हे. निजी वन वन रहेको छ । वन क्षेत्र समथल भू-भागदेखि चुरे पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ । उष्ण र समशीतोष्ण प्रदेशीय भएको यस गाउँपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरू जस्तै सालको वन, खयर, सिसौ अर्थात मिश्रित वन र झाडी बुट्यान रहेका छन् । गाउँपालिकामा २० वटा सामुदायिक वन क्षेत्र छ जसमा जम्मा २९१५.७५ हेक्टर वन जङ्गलले ढाकेको छ । त्यसैगरी यहाँ ६९ वटा निजी वन क्षेत्र छ जसमा २४.६४ हेक्टर र २ वटा कवुलियती वन जसमा १७९.४१ हेक्टर जङ्गल पर्दछ ।

यस गाउँपालिकाको प्रमुख नदी मनहरी, रापती, कत्ले, लोथर खोला हुन भने अन्य सहायक खोला र खहरेहरु प्रसस्त रहेका छन् ।

### २.१.३ जनसङ्ख्या

मनहरी गाउँपालिका पाश्वचित्र २०७५ अनुसार गाउँपालिकामा जम्मा ८,५२३ घरपरिवारमा कुल ३९,०९७ जनसंख्या रहेको देखिन्छ । यस तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरुमा पुरुषको जनसंख्या भने कम अर्थात ९५ जना देखिन्छ । अर्कोतर्फ प्रति वर्ग किलोमिटर क्षेत्रफलमा १९६ जनाको दरमा जनघनत्व रहेको देखिन्छ । अर्थात् गाउँपालिकाको कूल क्षेत्रफलले कुल जनसंख्यालाई भाग गर्दा प्रति वर्ग किलोमिटर क्षेत्रफलमा १९६ जनसंख्या पर्न आउँछ । क्षेत्रफलको हिसाबले वडा नं. ९ सबैभन्दा बढी क्षेत्रफल भएको वडा हो भने जनसंख्याको हिसाबले वडा नं. ६ सबैभन्दा बढी जनसंख्या भएको वडा हो । यस वडामा घरपरिवार संख्या, जनसंख्या, जनघनत्व र क्षेत्रफलका हिसाबले वडा नं. १ सबै भन्दा ठुलो वडा हो भने क्षेत्रफलको हिसाबमा सबै भन्दा सानो वडाको रुपमा वडा नं. ४ भएता पनि जनसंख्या र घरपरिवारका हिसाबले वडा नं. ९ मा सबै भन्दा कम जनसंख्या र घरपरिवार देखिन्छ ।

यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धैरै ४६.१५ प्रतिशत तामाङ, दोस्रोमा १४.३८ प्रतिशत मगर, तेस्रोमा ब्राह्मण ११.२९ प्रतिशत, चौथो र पाँचौमा क्रमश चेपाङ-प्रजा ९.४४ प्रतिशत र कामी ४.५३ प्रतिशत रहेका छन् ।

*तालिका नं. २: मनहरी गाउँपालिकाको वडागत घरधुरी र जनसङ्ख्या विवरण*

| वडा नं | घरधुरी | महिला | पुरूष | जम्मा | लैङ्गिक अनुपात | औषत परिवार |
|---|---|---|---|---|---|---|
| १ | ८१८ | १७७१ | १६३० | ३४०१ | ९२ | ४.२ |
| २ | ५९१ | १५४१ | १४८० | ३०२१ | ९६ | ५.१ |
| ३ | ११२८ | २७३९ | २५२३ | ५२६२ | ९२ | ४.७ |
| ४ | ६०६ | १४८५ | १४०७ | २८९२ | ९५ | ४.८ |
| ५ | ७७७ | १८९४ | १७१६ | ३६१० | ९१ | ४.६ |
| ६ | १४८१ | ३५३८ | ३४९६ | ७०३४ | ९९ | ४.७ |
| ७ | १४२१ | ३०९५ | २९९९ | ६०९४ | ९७ | ४.३ |
| ८ | ५६१ | १४३४ | १५०९ | २९४३ | १०५ | ५.२ |
| ९ | ११४० | २५०६ | २३३४ | ४८४० | ९३ | ४.२ |
| **जम्मा** | **८५२३** | **२०००३** | **१९०९४** | **३९०९७** | **९५** | **४.६** |

*स्रोतः मनहरी गाउँपालिकाको प्रोफाइल २०७५*

### २.१.४ भू-उपयोग

गाउँपालिकामा अधिकांश भू-भागबाट बसाइसराइको क्रम वृद्धि भइरहेको र गाउँपालिकाका अन्य क्षेत्रहरूमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ ।

भु-उपयोग सँरचनालाई विश्लेषण गर्ने हो भने यस मनहरी गापामा भूमिहिन घरधुरी बढी भएकोले स्वाभविक रुपमा अरुको जग्गा कमाउनेको घरपरिवार बढी देखिन्छ । गाउँपालिकामा रहेका कूल ८,५२३ घरपरिवारहरू मध्ये लालपुर्जा भएको आफ्नै जमिनमा घर भएकाहरूको संख्या ४,३०३ अर्थात ५०.५ प्रतिशत, लालपुर्जा नभएको जमिनमा घर बनाउनेको संख्या ४,११७ अर्थात ४८.३ प्रतिशत र बाँकी थाहा नभएको घरपरिवारहरू रहेका छन् । लालपूर्जा नभएको जमिनमा घरहरू निमार्ण गर्नेको संख्या मध्ये धेरै वडा नं. ६ र ७ छन् ।

### २.१.५ साँस्कृतिक अवस्था

गाउँपालिकामा रहेका कुल ३९,०९७ जनसंख्या मध्ये १९,७५५ अर्थात ५०.५ प्रतिशत जनसंख्याले हिन्दु धर्म मान्दछन् । दोस्रोमा बौद्ध धर्म मान्नेको संख्या १६,१८६ अर्थात ४१.४ प्रतिशत र तेस्रोमा क्रिस्चियन धर्म मान्नेको संख्या २,९९९ अर्थात ७.७ प्रतिशत रहेको छ । यस गाउँपालिकाका धैरैले हिन्दु र बौद्ध धर्म मान्ने भएकोले सोही अनुसारका चाडपर्वहरु ल्होसार, बुद्धजयन्ती, चण्डी पुर्णिमा, दशै, तिहार, जनैपूर्णिमा, तीज, होली, क्रिसमस डे जस्ता चाडपर्वहरु मनाउने गर्दछन् ।

### २.१.६ आर्थिक अवस्था

यस गाउँपालिकाले ***कृषि, पर्यटन, वन वातावरण र व्यापार : मनहरी समृद्धिको मूल आधार***को नारा लिइ विकासका गतिविधिहरूलाई अगाडी बढाइरहेको छ । गाउँपालिकामा रहेको सक्रिय जनसंख्या मध्यको विभिन्न पेशा अंगाल्ने जनसंख्या मध्ये सबैभन्दा घरायसी काममा कृषि क्षेत्रमा ज्याला मजदुरी गर्नेको जनसंख्या ९,४३६ जना अर्थात २४.८ प्रतिशत, पेशागत काममा ८,७९९ अर्थात २३.१ प्रतिशत, व्यापार व्यवसायमा १,३७३, घरायसी काममा १०७४, गैर कृषि क्षेत्रमा ज्याला मजदुरी ८७५ र अन्य काम गर्ने जनसंख्या १४,४७३ रहेका छन् । काम नगर्ने जनसंख्या पनि ५०७ जना रहेको छ । नोकरी, ठेक्का, आफ्नै खेतीपाती, उद्योगधन्दा र स्वरोजगारमा लागेको जनसंख्या न्यून छ भने उद्योग धन्दा संचालन गरी उत्पादनमूलक काममा लागेको जनसंख्या नगण्य रहेको छ । यसरी समग्र तथ्याङ्कको विष्लेषण गर्दा स्पष्ट नखुलेको घरायसी काममा अत्याधिक, परम्परागत कृषिकर्ममा र ज्याला मजदुरी गर्नेको संख्या उल्लेख्य रहेकोले । गाउँपालिकाले सामान्य जीवनस्तर न्यून रहेको प्रस्ट हुन्छ । अर्धदक्ष, अदक्ष र बेरोजगारको जनसंख्या उच्च हुँदा गाउँपालिकाको विकासमा दीर्घकालिन नकारात्मक प्रभाव पर्दछ ।

गाउँपालिकामा रहेका कुल ८,५२३ घरपरिवारहरू मध्ये आम्दानीको मुख्य पेशा कृषि हुने घरपरिवारको संख्या ६५११ अर्थात ७६.४ प्रतिशत, दोस्रोमा व्यापार व्यवसाय गर्नेको संख्या ९५९ अर्थात ११.३ प्रतिशत, तेस्रोमा नोकरी गर्नेको संख्या ५६२ अर्थात ६.६ प्रतिशत, आन्तरिक विप्रेषण अर्थात अन्य जिल्ला वा क्षेत्रबाट कमाएर पठाएको रकम हुनेको संख्या २०३ घरपरिवार अर्थात २.४ प्रतिशत, सवारी साधन, मेसिन तथा उपकरणहरूको भाडा बाट १०१ अर्थात १.२ प्रतिशत, अन्य नखुलेको ५९ अर्थात ०.७ प्रतिशत र उद्योग, पेन्सन, घरभाडा, ब्याज, दैनिक ज्यालादारी बैदेशिक विप्रेषण आदिमा नगण्य संख्यामा परिवारको आम्दानीको मुख्य श्रोत भएको देखिन्छ । तथ्याङ्कबाट अत्यन्त ठूलो संख्यामा रहेका घरपरिवारहरू अर्थात ७६.४ प्रतिशतको आम्दानीको मुख्य श्रोत कृषि पेशा नै देखिन्छ । ठूलो संख्यामा जनसंख्या कृषिमा आधारित देखिएतापनि आम्दानी र उत्पादनका हिसाबले निकै अप¥र्याप्त रहेको छ । दोस्रोमा रहेको व्यापार व्यवसाय समेत प्रभावकारी देखिँदैन किनकि ग्रामीण भेगमा ठूला व्यापारीक केन्द्रहरू नहुने, उपभोक्ताको चहलपहल कम हुने हुनाले व्यापार न्यून रहन्छ । सबैभन्दा महत्वपूर्ण पक्ष भनेको आम्दानीको मुख्य श्रोत परम्परागत कृषि हुनुले ठूलो संख्याको अदृष्य बेरोजगारी रहेको र अन्य उत्पादनशील क्षेत्रमा मानिसको संलग्नता नगण्य देखिन्छ । यस प्रकारको आर्थिक गतिविधिलाई व्यापक सुधार गरी उत्पादन र स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा आर्थिक कारोवारको लागि बैंक रहेको छ । यहाँ जम्मा ५० वटा सहकारी संस्थाहरु छन् । जसमा साथै १६ वटा बचत तथा ऋण सहकारी, २३ वटा कृषि सहकारी, ४ वटा बहुउद्देश्यीय, ३ वटा दुग्ध र ३ वटा विविध सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन् जसले गर्दा गाँउपालिकाको वडा र टोलहरुसम्म वित्तिय पहुँच पुगेको छ ।

गाउँपालिकामा खेतीपाती गर्ने र पशुपंक्षी पाल्ने कूल ३९५१ घरपरिवारहरूमध्ये ३,४७५ अर्थात ८८ प्रतिशत कृषक परिवारको रूपमा र ४७६ अर्थात १२ प्रतिशत गैर-कृषक परिवारको रुपमा रहेका छन् । त्यसैगरी गाउँपालिकाको पशुपालनको अवस्था हेर्दा, विशेषगरी गाई, भैँसी, बाख्रा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर देखिन्छन् । यसबाट गाउँपालिकाबासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन् ।

सडक पूवार्धारका हकमा गाउँपालिकामा थुप्रै ग्रामिण सडकहरु रहेका छन् र प्रायः सबै वडा र बस्तीहरुलाई मोटरबाटोले छोएको छ । गाउँपालिकामा रहेका ८,५२३ घरपरिवारहरू मध्ये ग्राभेल सडकको पहुँच भएको घरपरिवारहरूको संख्या २,८३३ अर्थात ३३.२ प्रतिशत, अस्थायी सडकको पहुँच भएको घरपरिवार संख्या २,५४१ अर्थात २९.८ प्रतिशत, गोरेटो बाटोको पहुँच भएका घरपरिवारहरू १,८२३ अर्थात २१.४ प्रतिशत, कालो पत्रे गरेको सडकसम्म पहुँच भएको ९६५ अर्थात ११.३ प्रतिशत र अन्य ३६१ अर्थात ४.२ प्रतिशत रहेका छन् । तथ्याङ्कलाई हेर्दा ५५.६ प्रतिशत घरपरिवारमा सहज प्रकारको सडक पहुँच छैन अर्थात उनीहरू या त अस्थायी प्रकृतिको सडकमा हिँड्छन् वा गोरेटोमा । पुर्वाधार

विकासमा सबैभन्दा महत्वपुर्ण सडकको अवस्था नाजुक हुँदा अन्य विकासले गति लिन सक्दैन तसर्थ सहज आवागमनका लागि गाउँपालिकाले सडक संचालनको विकास र स्तरको उन्नतिका लागि यातायात गुरुयोजना निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ । अस्थायी सडक प्रयोग गर्नुपर्ने घरपरिवारहरूमध्ये वडा नं. १ को घरपरिवारहरूको संख्या अधिक रहेको छ ।

### २.१.७ सामाजिक अवस्था

यस गाउँपालिकामा आ.व.२०७४७५ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार गाउँपालिकामा ३६ वटा सामुदायिक बालविकास केन्द्र, ३२ वटा सामुदायिक र ९ वटा निजी र संस्थागत गरी कुल ७७ वटा शैक्षिक संस्थाहरू रहेका छन् ।

गाउँपालिकामा ५ वर्ष वा सो भन्दा माथिको उमेर समूहका कुल ३५,८५७ जनसंख्या रहेका छन् । ५ वर्ष वा सो भन्दा माथिको उमेर समूहका कुल जनसंख्या मध्ये ६९.२ प्रतिशत साक्षर रहेका छन् । जसमा पढ्न र लेख्न सक्ने साक्षर जनसंख्या २४,७९९ छन् भने पढ् न मात्र सक्ने २५८ जना रहेका छन् । पढ्ने र लेख्ने दुवै सिप नभएका अर्थात निरक्षर जनसंख्या १०,८०० अर्थात ३१.१ प्रतिशत रहेको छ । वडागत रुपमा तुलना गर्दा सबैभन्दा बढी साक्षरता प्रतिशत वडा नं ९ रहेको छ जसको साक्षरता ७७ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून साक्षरता वडा नं ४ जसको साक्षरता ५९.४ प्रतिशत रहेको छ ।

उल्लेखित आँकडालाई लैंगिक दृष्टिकोणबाट विश्लेषण गर्दा यस गाउँपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका कुल ३५,८५७ जनसंख्यामा १२,८८५ पुरुष र ११,९५४ महिला पढ्न र लेख्न सक्ने अर्थात साक्षर रहेका छन् । लैंगिक रुपमा निरक्षरता विश्लेषण गर्दा कुल १०,८०० अर्थात ३१.१ निरक्षर रहेकोमा ४,४३७ अर्थात २५.५ प्रतिशत पुरुष र ६,३६३ अर्थात ३४.५ प्रतिशत महिला पढ् न र लेख्न नसक्ने अर्थात् निरक्षर रहेका छन् । पुरुषको भन्दा महिलाको जनसंख्या बढी भएको यस गाउँपालिकामा महिला निरक्षरता पुरुषको तुलनामा बढी रहेको छ ।

गाउँपालिकामा कुल घरपरिवारहरू मध्ये ४,२४४ अर्थात ४९.८ प्रतिशतले साधारण चर्पी, ३,३४९ अर्थात ३९.३ प्रतिशतले सेप्टि ट्याङ्क भएको चर्पी, ४५ अर्थात ०.३ प्रतिशतले सामुदायिक चर्पी, ८ अर्थात ०.१ प्रतिशतले सार्वजनिक ढलयुक्त चर्पी प्रयोग गरेको र १२० अर्थात १०.५ प्रतिशतले भने चर्पीको प्रयोग नै नगरेको पाइयो ।

साधारण चर्पी प्रयोग गर्नेको संख्या करिब आधा हुनु र १०.५ प्रतिशत जनसंख्याले चर्पीको प्रयोग नै नगर्नुले व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यमा जोखिम बढी रहेको देखाउँछ । सानो संख्याले मात्र खुल्ला स्थानमा दिसापिसाब गर्दा समेत समुदायको ठूलो हिस्साको जनस्वास्थ्य प्राणघातक संक्रामक रोगहरूको जोखिममा पर्ने हुँदा चर्पी प्रयोगलाई अनिवार्य गर्ने र चर्पीको गुणस्तर सुधारमा ध्यान दिनु पर्ने देखिन्छ ।

## २.२ मानव संसाधनको अवस्था

मनहरी गाउँपालिकाको पहिलो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरू मार्फत गाउँपालिकाको कार्य सञ्चालन भईरहेको छ । यस गाउँपालिकामा रहेका ९ वटा वडामा निर्वाचित तथा मनोनित सदस्यहरु सहित जम्मा ४७ जना गाउँसभा सदस्य तथा १६ जना कार्यपालिका सदस्य रहेका छन् ।

त्यसैगरी गाउँ कार्यपालिकाको दैनिक कार्यसम्पादनका लागि गाउँपालिकाले तय गरेको गाउँ सभा, गाउँ कार्यपालिका, विषयगत समिति र शाखा, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकृत, लेखा अधिकृत, ईन्जिनियर, सब-ईन्जिनियर, सब ओभरसियर, कम्प्युटर तथा कार्यालय सहयोगी र वडा कार्यालयहरुमा वडा सचिव तथा सामाजिक परिचालक रहने व्यवस्था गरिएको देखिन्छ । यस गाउँपालिकामा कार्यरत कर्मचारी सम्बन्धी विवरण तलको तालिकामा देखाइएको छ ।

*तालिका नं. ३: पालिकामा कार्यरत कर्मचारीहरुको विवरण*

| क्र.सं. | नाम | पद | शाखा |
|---|---|---|---|
| १ | मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | संगिता अधिकारी | अधिकृतस्तर सातौं | आर्थिक प्रशासन, लेखा तथा राजश्व शाखा |
| ३ | अभिषेक पाण्डे | इन्जिनियर | प्राबिधिक शाखा |
| ४ | डा सरोज खतिवडा | पशु विकास अधिकृत | पशुपंक्षी विकास शाखा |
| ५ | शैलेश बाँसकोटा | अधिकृतस्तर छैटौं | प्रशासन शाखा |
| ६ | राजेन्द्र प्रसाद चौलागाई | अधिकृतस्तर छैटौं | भूमि सम्बन्धी समस्या समाधान शाखा |
| ७ | टिकाराम अधिकारी | हे. अ. अधिकृत/ स्वास्थ्य संयोजक | स्वास्थ्य शाखा |
| ८ | निर्मला व्लोन | सि अनमि निरिक्षक | स्वास्थ्य शाखा |
| ९ | अन्जना सुबेदी | अधिकृतस्तर छैटौं | वडा नं ७, वडा सचिव |
| १० | बरुण कुमार ठाकुर | पशु विकास अधिकृत | कृषि तथा पशु शाखा |
| ११ | हरिचन्द्र सापकोटा | सूचना अधिकारी | शिक्षा शाखा तथा सूचना अधिकारी |
| १२ | शारदा पोखरेल | रोजगार संयोजक | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| १३ | टुकुराज चौधरी | सव इन्जिनियर | प्राबिधिक शाखा |
| १४ | सम्बिता पोखरेल | सव इन्जिनियर | प्राबिधिक शाखा |
| १५ | उत्तम उप्रेती | सव इन्जिनियर | प्राबिधिक शाखा |
| १६ | प्रमोद ढोडारी | अमिन | प्राबिधिक शाखा |
| १७ | डिल्लीराम रेग्मी | सहायकस्तर पाँचौ | आर्थिक प्रशासन, लेखा तथा राजश्व शाखा |
| १८ | दिपेश कुमार महतो | सहायक आ. ले. प. | प्रशासन शाखा |
| १९ | लिला देबी मंग्रान्ती | सहायकस्तर चौथो | योजना शाखा |
| २० | राजु कुमार ठाकुर बरही | सव इन्जिनियर | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| २१ | राजिब बहादुर बानियाँ | कम्प्युटर अपरेटर | राजश्व तथा जिन्सी शाखा |
| २२ | सुरेन्द्र प्रसाद न्यौपाने | सहायकस्तर पाँचौ | १ नं वडा सचिव |
| २३ | साजन लामा | सहायकस्तर चौथो | २ नं वडा सचिव |
| २४ | ज्ञानु थिङ | सहायकस्तर पाँचौ | ३ नं वडा सचिव |
| २५ | बिदुर पाठक | वडा सचिव | ४ नं वडा सचिव |
| २६ | शान्तिमाया हिमडुङ | सहायकस्तर पाँचौ | ५ नं वडा सचिव |
| २७ | भरत कुमार भण्डारी | ना.सु | ६ नं वडा सचिव |
| २८ | श्यामहरि दहाल | सहायकस्तर चौथो | ७ नं वडा सचिव |
| २९ | शिला अधिकारी | स. म. वि. नि. | ८ नं वडा सचिव |
| ३० | ठाकुर कुमार बर्तौला | लेखापाल | ९ नं वडा सचिव |
| ३१ | दिपक अधिकारी | एम आई एस अपरेटर | सामाजिक सुरक्षा तथा पंजिकरण शाखा |
| ३२ | अशोक बर्तौला | एम आई एस फिल्ड सहायक | सामाजिक सुरक्षा तथा पंजिकरण |

| क्र.सं. | नाम | पद | शाखा |
|---|---|---|---|
| ३३ | सुनकेशरी थिङ | एम आई एस फिल्ड सहायक | सामाजिक सुरक्षा तथा पंजिकरण |
| ३४ | अमिर दहाल | सहायकस्तर चौथो | प्रशासन शाखा |
| ३५ | सुजन नेपाल | असिस्टेन्ट सब-ईन्जिनियर | वडा नं ५ र ९ - प्रा |

### २.३ भौतिक सम्पत्तिको अवस्था

मनहरी गाउँपालिकाको कार्यालय हाल वडा नं. ३ मा रहेको छ । मनहरी गाउँपालिका कार्यालय भाडाको घरमा रहेको छ उक्त भवनबाट सेवा दिइरहेको छ । गाउँपालिकाका ९ वटा वडा मध्ये केही वडा कार्यालयको आफ्नै भवन रहेको छन् भने केही वडा कार्यालयहरु भाडामा रहेको देखिन्छ ।

गाउँपालिकामा अचल सम्पत्तिका रुपमा भवन, जमिन, कार, मोटर साईकल, कम्प्युटर, फर्निचर, मेशिनहरु, आदि रहेका छन् । सूचना प्रविधि तर्फ गाउँपालिका आफैले पूर्वाधार निर्माण गरी सम्पूर्ण वडा कार्यालय सम्म ईन्टरनेट सेवा विस्तार गरेको छ । राजस्व सङ्कलनको लागि कम्प्युटर विलिङ शुरु गरिएको छ । राजस्व परिचालनका लागि गरिएको प्रभावकारी प्रयासहरुमा सफ्टवेयर खरीद गरी राजस्व सम्बन्धी डाटावेस, राजस्व प्रशासनमा सफ्टवेयर र त्यसको प्रयोग गरिएको छ । गाउँपालिकाले आफ्नो स्वामित्वमा तथा हकभोगमा रहेका जग्गा तथा भवनहरुको अभिलेख नियमित अद्यावधिक गर्नुपर्दछ । यसरी गाउँपालिकाले आफ्नो स्वामित्व तथा हकभोगमा रहेका सम्पत्तिको उपयोग गरी नियमित आयआर्जन गर्नका लागि आवश्यक लगानी तथा निर्णय गर्न सकिन्छ ।

# परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

नेपाल सरकारले तयार गरेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नेपालको संविधान २०७२ अनुसार स्थानीय तहलाई प्राप्त राजश्वसम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानूनी व्यवस्थाको विश्लेषण यस परिच्छेदमा गरिएको छ । यस परिच्छेदमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकार तर्फको राजश्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शीर्षकगतरुपमा विश्लेषण गरिएको छ ।

## ३.१ पालिकाको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधान २०७२ ले पालिकालगायतका स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ । संघीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई प्राप्त राजश्व अधिकारकाक्षेत्रहरु यसप्रकार छन् ।

*तालिका नं. ४: स्थानीय सरकार संचालन ऐन २०७४ अनुसारको राजस्व अधिकार*

| राजश्वका शीर्षक | कानूनी प्रावधान |
|---|---|
| कर | • एकिकृत सम्पत्ति कर वा घर जग्गा कर<br>• भूमि कर (मालपोत), सम्पत्ति कर नलगाएको अवस्थामा मात्र<br>• घर जग्गा बहाल कर<br>• ब्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा<br>• सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)<br>• जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत |
| शुल्क | • बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत<br>• पार्किङ्ग शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । |
| सेवा शुल्क | • आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा ब्यवसायमा<br>• आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा<br>• खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला ब्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि<br>• अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क<br>• सिफारिस सम्बन्धी कुनै सेवा शुल्क |

| | |
|---|---|
| दस्तुर | • दर्ता, अनुमति, सिफारिश एवं प्रमाणित तथा नवीकरण दस्तुरः<br>• एफ.एम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग<br>• ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन र उपयोग<br>• नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)<br>• पंजिकरण ब्यवस्थापन दस्तुर<br>• वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर |
| वस्तु तथा सेवा विक्री | • ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर |
| सामुदायिक वनबाट आय प्राप्त गर्ने | • वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने (केही नेपाल ऐनलाई संंसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित यो प्रावधानमा प्रभाव पर्ने गरी मिति २०७६।०६।०७ मा प्रमाणीकरण गरिएको वन ऐन, २०७६ मा भएको व्यवस्था अनुसार) |
| संघ तथा प्रदेश कानुनको आधारमा स्थानिय तहमा प्राप्त हुने | • प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>• खनिज पदार्थको उत्खनन रोयल्टी<br>• सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी<br>• पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी<br>• प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>• खनिज पदार्थको उत्खनन रोयल्टी<br>• सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी<br>• पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी<br>• खानेपानी महसुल<br>• स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क<br>• स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार ब्यवस्थापन<br>• जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति<br>• स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण<br>• इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण<br>• स्थानीय तहका पत्रपत्रिकाको दर्ता |

| | |
|---|---|
| स्थानीय तहमा संकलन भई बाँडफाँड हुने | • बिज्ञापन करः स्थानीय तहले दर निर्धारण र संकलन गर्ने<br>• मनोरञ्जन करः स्थानीय तहले संकलन गर्ने (दर र संकलन विधि प्रदेशले निर्धारण गर्ने)<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क ःः स्थानीय तहले संकलन गर्ने (दर निर्धारण प्रदेशले गर्ने )<br>• उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वीक सम्पदा, संग्रालय सम्पदा प्रवेश शुल्कको दर निर्धारण र संकलन स्थानीय तहले गर्ने<br>• ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गर्ने । |
| प्रदेश तहबाट संकलन भई वाँडफाँड हुने | • सवारी साधन (माथि उल्लेखित बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>• पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र संकलन प्रदेश गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>• पवर्तारोहण, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरंक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र संकलन नेपाल सरकारले गरे बमोजिम हुने |

**उल्लेखित राजस्व बाहेक स्थानीय तहले तलका सुबिधाहरु पनि प्राप्त गर्दछन ।**

**(क) अनुदान**

- बित्तीय समानीकरण अनुदानः खर्चको आवस्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा सं घ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयो गले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- बिशेष अनुदानः कुनै खास उदेश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(ख) बैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएरमात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यकालागि ऋण लिन सक्ने

उपरोक्त ब्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ् नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था)

- कर नलाग्नेः कुटनीतिक नियोग, कुटनितिज्ञ, बैदेशिक ऋण वा सहायतावाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको विक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा ब्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने

राजश्व सकलन विभिन्न शीर्षकहरुमा विभिन्न तहबाट संकलन भै रहेको हुन्छ । राजस्व अधिकार सम्बन्धी विभिन्न तहहरुको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. ५: तहगत राजस्व अधिकार*

| सङ्घ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| ▪ भन्सार<br>▪ अन्त:शुल्क<br>▪ मूल्य अभिवृद्धि कर<br>▪ संस्थागत आयकर<br>▪ व्यक्तिगत आयकर<br>▪ पारिश्रमिक कर<br>▪ राहधानी कर<br>▪ भिसा शुल्क<br>▪ पर्यटन दस्तुर<br>▪ सेवा शुल्क दस्तुर<br>▪ दण्ड जरिवाना | ▪ घरजग्गा रजिष्ट्रेशन शुल्क<br>▪ सवारी साधन कर<br>▪ मनोरञ्जन कर<br>▪ विज्ञापन कर<br>▪ पर्यटन शुल्क<br>▪ कृषि आयमा कर<br>▪ सेवा शुल्क दस्तुर<br>▪ दण्ड जरिवाना | ▪ सम्पत्ति कर<br>▪ घर बहाल कर<br>▪ घर जग्गा रजिष्ट्रेशन शुल्क<br>▪ सवारी साधन कर<br>▪ सेवा शुल्क दस्तुर<br>▪ पर्यटन शुल्क<br>▪ विज्ञापन कर<br>▪ व्यवसाय कर<br>▪ भूमिकर (मालपोत)<br>▪ मनोरञ्जन कर<br>▪ मालपोत सङ्कलन<br>▪ दण्ड जरिवाना | ▪ सेवा शुल्क<br>▪ दस्तुर<br>▪ दण्ड जरिवाना<br>▪ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी<br>▪ पर्यटन शुल्क |

*स्रोत: नेपालको संविधान, २०७२*

### ३.२ आय परिचालनको अवस्था

आय परिचालनको अवस्था थाहा पाउन नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकालाई प्राप्त राजश्व अधिकारका शीर्षकहरूको परिचालन कसरी भैरहेको छ भन्ने जान्नु उपयुक्त हुन्छ । उपरोक्त राजश्व शीर्षकहरू मध्ये गाउँपालिकाले हाल संकलन गरिरहेको, संकलनका लागि आवश्यक नीतिगत व्यवस्था मात्र गरेको र सम्भावना भएका क्षेत्रहरुको यथार्थ अवस्थाको बारेमा सम्बन्धित शाखागत छलफलबाट प्राप्त गाउँपालिकाको आय परिचालनको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

*तालिका नं. ६: पालिकाको आय परिचालनको अवस्था*

| क्र. सं | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | संकलन भएको/ नभएको |
|---|---|---|---|---|
| **क.** | **कर राजश्व तर्फ** | | | |
| १ | सम्पत्तिमा आधारित कर - घर जग्गा तथा मालपोत वा भूमिकर | भएको | आर्थिक ऐन २०७८ | भएको |
| २ | सम्पत्तिमा आधारीत कर एकिकृत सम्पत्ति कर | भएको | आर्थिक ऐन २०७८ | भएको |
| ३ | सवारी कर (रिक्सा, अटोरिक्सा, ट्याक्सी) | भएको | भएको | भएको |
| ४ | सवारी दर्ता तथा वार्षिक सवारी कर | भएको | नभएको | नभएको |
| ५ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ६ | व्यवसाय कर | भएको | भएको | भएको |
| ७ | विज्ञापन कर | भएको | भएको | भएको |
| ८ | मनोरञ्जन कर | भएको | भएका | भएको |
| ९ | घर जग्गा रजिष्ट्रेशन शुल्क | भएको | भएको | भएको |
| १० | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | नभएको | नभएको |
| **ख.** | **गैर कर राजश्व** | | | **भएको** |
| १ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | भएको | भएको | भएको |
| २ | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| ३ | ब्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| ४ | वहाल विटौरी शुल्क | भएको | भएको | भएको |
| ५ | पार्किङ्ग शुल्क | भएको | भएको | नभएको |
| ६ | अस्पताल संचालन | भएको | नभएको | नभएको |
| ७ | फोहरमैला ब्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| ८ | स्थानीय खानेपानी महसुल | भएको | भएको | भएको |
| ९ | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |
| १० | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क | भ्यूटावर संचालन, पार्क तथा सङ्ग्रालय प्रवेश शुल्क, पिकनिक स्थल, पोखरी, उद्यान शुल्क (ठेक्का) | भएको | नभएको |
| ११ | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविघाट, सडक, वसपार्क, पुलआदि | भएको | भएको | भएको |
| १२ | मूल्यांकन सेवा शुल्क | भएको | भएको | भएको |

| क्र. सं | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | संकलन भएको/ नभएको |
|---|---|---|---|---|
| १३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | भएको | भएको | भएको |
| १४ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | भएको | भएको |
| १५ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| १६ | दण्ड जरिवाना | भएको | भएको | भएको |

यस गाउँपालिकामा उल्लेखित करका शीर्षकतर्फ सम्पत्तिमा आधारित (मालपोत र सम्पत्ति) दुवै कर संकलन भएको देखिन्छ । घरजग्गा वहाल करतर्फ आशिंक मात्रामा असुली भएको देखिएको छ । जडीबुटी, कवाडी र जीवजन्तु कर तथा मनोरञ्जन कर सम्भावना रहेको छ । सवारी करको सम्भावना भएर दर निर्धारण गरिएको भएपनि संकलन भएको देखिँदैन । ब्यवसाय कर लिइएको छ तर अझै प्रभावकारी बनाउनु पर्ने छ ।
त्यसैगरि गैरकर तर्फ वडाबाट गरिने सिफारिस दस्तुर, नक्सापास दस्तुर, सम्पत्ति मूल्यांकन सेवा शुल्क, फोहरमैला व्यवस्थापन शुल्क, पार्क तथा सङ्ग्रालय प्रवेश शुल्क, पिकनिक स्थल, पोखरी, उद्यान शुल्क (ठेक्का) शुल्क लगाउने गरिएको छ । बहाल बिटौरीका मार्फतको शुल्क पनि २०७६।७७ भन्दा २०७७।०७८ मा बढेको देखिन्छ ।

गाउँपालिकामा राजस्व संकलन हुने विभिन्न आय शीर्षकहरू मध्ये हाल केही शीर्षकहरुबाट मात्र संकलन भइरहेको छ तथापि राजश्व प्रशासन सुधार गरी अन्य शीर्षकहरूबाट समेत आय संकलन गर्ने प्रसस्त सम्भावना देखिन्छ ।

### ३.३ आन्तरिक स्रोत तर्फका राजश्व संकलनको प्रमुख क्षेत्रहरु र सम्भावना विश्लेषण

यस गाउँपालिकाले नेपालको प्रचलित कानून बमोजिम आन्तरिक स्रोत तर्फ संकलन गर्ने राजश्व मध्ये यस पालिकाले हाल उठाइरहेका विद्यमान तथा सम्भावित नयाँ आय क्षेत्रहरूको सम्भावनाको विश्लेषणात्मक अध्ययन यस शीर्षक अन्तर्गत गरिएको छ ।

## ३.३.१ कर राजस्व

### क. भूमि कर (मालपोत)

**हालको अवस्थाः** गाउँपालिकाको आर्थिक ऐन, २०७८ ले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गाबाहेकका अन्य जग्गामा भूमिकर लगाउने व्यवस्था गरेको छ । जग्गाको मूल्यांकन गर्दा जग्गाको क्षेत्रफल, जग्गा भौगोलिक अवस्थिति, जग्गाको उपयोगको अवस्था, जग्गा रहेको स्थानमा पूर्वाधार विकासको अवस्थालाई आधार मानिने व्यवस्था उक्त ऐनले गरेको छ । गाउँपालिकाले करदाताबाट सम्पत्ति कर र भूमी करको रकम बुझिलिई करदातालाई एकीकृत रुपमा एउटै विल-रसिद दिन सक्ने प्रावधान अनुरुप हाल उक्त करहरु एकैपटक एकीकृत रुपमा संकलन गरिरहेकोले यस बापत संकलनहुने राजस्व सम्पत्ति करको मुल्यांकन कै आधारमा असुल उपर हुदै आएकाले हाललाई छुट्टै गणना गरिएको छैन ।

**संभाव्यताः** पालिका भित्र भएको जग्गाको स्वामित्व, उपयोगिता र पहुँचका एव स्थानको आधारमा वर्गिकरण तथा मूल्यांकन गरी सोही बमोजिम दर तोकिएको छ । वडा अनुसार दर रेट फरक फरक रहेको छ । प्राय जसो वडामा प्रति कठ्ठा न्युनतम रु २० र अधिकतम रु ५०० तोकिएको छ । वडा र टोल अनुसार दर फरक फरक छ । भौगोलिक अवस्था, जग्गाको प्रकृति, उपभोगको अवस्था, सुगमता, बाटो तथा पहुँच जस्ता कुराहरुले जग्गाको

मूल्यांकनमा फरक हुने र सोही आधारमा दररेट कायम गर्दा संकलन गर्न सकिने देखिन्छ । अधिकांश जग्गाको दर हेर्दा औसत दर प्रतिकठ्ठा रु ५० हाराहारीमा छ । गाउँपालिकाको मूख्य आम्दानीको स्रोत मालपोत रहेको छ । विगतमा एकिकृत सम्पत्ति करको रुपमा यसको कार्यान्वयन गरिएको र पछि संघीय कानुन संसोधन भई ब्यवस्था फेरिंदा समेत यो प्रणाली कायमै रहेकाले मालपोत बापतको कर संकलनलाई छट्टै गणना गर्न सकिने देखिन्छ । सोही अनुसार  आ.व. २०७७/७८ मालपोत करबाट रु. ४६ लाख १४ हजार ७६१ आय भएको देखिन्छ । आ.व. २०७६/७७ मा रु.२६ लाख ३७ हजार ९०८ असुल भएको देखिन्छ । यसरी हेर्दा मालपोत वापतको रकम बढदै गएको देखिन्छ । मालपोत तथा सम्पत्तिकर छुट्टै लेखाङ्कन तथा यसलाई सुधार गरी मालपोत बापतको थप राजस्व असुल गर्न सकिने बलियो सभावना रहेको छ । मालपोतको दर वडा र टोल अनुसार फरक र व्यवस्थित गरिए पनि कार्यान्वयन प्रभावकारी रुपमा गर्नु पर्ने देखिन्छ ।

### सुधारका पक्षहरूः

गाँउपालिकामा मालपोत मुख्य आयको रुपमा रहेको छ । यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन पालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छः

- मालपोतको लागि जग्गाको किसिम अनुसार अभिलेख राख्ने । यसरी अभिलेख राख्दा डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने ।
- करको दरलाई अन्य पालिकाहरुले लागु गरेको दरको अध्ययन गरी यथार्थपरक बनाउने ।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत करको दायरामा ल्याउने ।
- बार्षिक रुपमा समय मै मालपोत तिर्ने करदाताहरुलाई केही रकम छुट दिएर पनि कर सकलन लाई प्रभावकारी बनाउदै लैजाने ।
- आफ्नो मालपोत बापतको रकम सूचना प्रविधिको माध्यमद्वारा करदाताले चाहेको समयमा जानकारी पाउने पद्धति सुरु गर्ने ।
- मालपोत वापतको रकम सोझै बैक खातामा जम्मा गर्न सकिने गरी कार्यान्वयन गर्ने ।
- मालपोत संकलन सबै वडाबाट गर्न सकिने गरी कार्य गर्ने र सो को विवरण सोही दिन पालिकामा जाने पद्धतिको विकास गर्ने ।

## ख. सम्पत्ति कर

**हालको अवस्थाः** गाउँपालिकाको पाश्वचित्र विवरणअनुसार यहाँ कुल ८५२३ भन्दा बढी घरधुरी रहेका छन् । विद्यमान कानूनी व्यवस्थाले गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घर संरचना र सो ले चर्चेको जग्गा (भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा पाँच हजार चार सय छयहत्तर वर्गफिट। डेढ कठ्ठा) मा सम्पति कर असूल उपर गरिनेछ भन्ने व्यवस्था गरेको छ ।

गाउँपालिकाको अर्को प्रमुख स्रोतको रुपमा सम्पत्ति कर रहेको छ । आ.व. २०७७/७८ सम्पत्ति करबाट रु. ७ लाख ३० हजार ९३७ आय भएको देखिन्छ । आ.व. २०७६/७७ मा रु. २ लाख ५२ हजार १३२ असुल भएको देखिन्छ । सो कर वापतको आय बढदो क्रममा रहेको छ । अनुमानित करदाताको संख्या तथा सम्पत्तिकरको न्यूनतम औसत अनुमानित दरका आधारमा गणना गर्दा पनि माथि उल्लिखत सम्पत्ति करको रकम अति न्युन हुन्छ ।

**संभाव्यताः** पालिकाको पाश्र्वचित्र अनुसार यस गाउँपालिकामा रहेका घरधुरी मध्य सम्पत्ति करका करदाताको रुपमा करिब ५० प्रतिशत हाराहारी वा सो भन्दा केही बढी अनुमानित करदाता हुन सक्ने अनुमान रहेको छ । आफ्नै नाममा लालपूर्जा भएका जग्गामा घर बनाएका परिवार हरु नै सो बराबर छन ।  अनुमानित करदाताको संख्या

तथा सम्पत्तिकरको न्यूनतम औसत अनुमानित दरका आधारमा गणना गर्दा सम्पत्ति करको रकम सहजै बृद्बि हुने देखिन्छ । पालिकाको मुख्य आयमा रहेको सम्पत्ती करको दायरामा कम आएको हुँदा त्यसलाई वृद्धी गर्न सक्ने प्रसस्त सम्भावना रहेको छ । अनुमानित करदाता मध्ये पनि पहिलो वर्ष ५० प्रतिशत करदाता मात्र करको दायरामा आउने अनुमान गरिएको छ । त्यसै गरी दोस्रो वर्ष ६५ प्रतिशत मात्र दायराम आउने अनुमान गरिएको छ ।

*तालिका नं. ७: पालिकाको सम्पति करको सम्भावनाको अवस्था*

| क्र.सं. | सम्पत्तिको औसत मूल्यांकन | अनुमानित करदाता संख्या | औसत करको दर | सम्भान्य आम्दानी |
|---|---|---|---|---|
| १ | ५ लाख रूपैयाँसम्मको मूल्यांकनमा | १२५ | ३५ | ४,३७५ |
| २ | ५ लाख १ देखि १० लाख रूपैयाँसम्मको मूल्यांकनमा | १४७ | ७५ | ११,०२५ |
| ३ | १० लाख १ देखि १५ लाख रूपैयाँसम्मको मूल्यांकनमा | २१२ | १३० | २७,५६० |
| ४ | १५ लाख १ देखि २० लाख रूपैयाँसम्मको मूल्यांकनमा | ४२२ | २०० | ८४,४०० |
| ५ | २० लाख १ देखि ५० लाखसम्मको मुल्यांकनमा | १२५० | ५०० | ६२५,००० |
| ६ | ५० लाख १ देखि १ करोड सम्मको मुल्यांकनमा | १३२५ | १३०० | १,७२२,५०० |
| ७ | १ करोड १ देखि २ करोड सम्मको मुल्यांकनमा | ७९७ | ३४०० | २,७०९,८०० |
| ८ | २ करोड १ देखि ३ करोड सम्मको मुल्यांकनमा | २१७ | ६६०० | १,४३२,२०० |
| ९ | ३ करोड १ देखि ५ करोड सम्मको मुल्यांकनमा | ९१ | १४००० | १,२७४,००० |
| १० | ५ करोड १ देखि १० करोड सम्मको मुल्यांकनमा | ४५ | ३५००० | १,५७५,००० |
| ११ | १० करोड १ देखि १५ करोड सम्मको मुल्यांकनमा | ३५ | ६७५०० | २,३६२,५०० |
| **जम्मा** | | ४६६६ | | **११,८२८,३६०** |
| *पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ५०* | | | | ५,९१४,१८० |
| *दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५* | | | | ७,६८८,४३४ |
| *तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५* | | | | १०,०५४,१०६ |

## सुधारका पक्षहरू:

यस गाँउपालिकामा सम्पत्ति कर कार्यान्वयनमा आइसकेको भए पनि प्रयाप्त भएको देखिदैन । जसको कारण सम्भावित सबै करदाता करको दायरा भन्दा बाहिर छन । सम्पत्ति करका सम्बन्धमा पालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छः

- पालिकाको आर्थिक ऐनमा सम्पत्ति कर सम्बन्धी प्रावधान भएकोले पालिकाको आर्थिक ऐनलाई प्रभावकारी कार्यान्वयन गर्नु पर्ने ।
- पालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घर दर्ता सम्पन्न गर्ने ।
- सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दरलाई अन्य पालिकाहरुले लागु गरेको दरको अध्ययन गरी यथार्थपरक बनाउने ।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत करको दायरामा ल्याउने ।

- बार्षिक रुपमा समय मै कर तिर्ने करदाताहरुलाई केही रकम छुट दिएर पनि कर सकलन लाई प्रभावकारी बनाउदै लैजाने ।
- सम्बन्धित करदाताको सम्पति मुल्यांकन यथार्थपरक बनाउन घर र बाटोको डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने ।
- सम्पत्ति करको विजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।

### ग. घरजग्गा बहाल कर

**हालको अवस्थाः** गाँउ पालिकाले हाल केही मात्रामा बहाल कर संकलन गरी रहेको छ । गाउँपालिकाको आर्थिक ऐनको अनुसूची ३ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, सेड, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा घर जग्गा वहाल कर लगाईने र असूल गरिने उल्लेख गरेको छ । यसरी वहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल कर १० प्रतिशत लिने व्यवस्था गरेको छ । तर हालसम्म संस्थागत रुपमा बहालमा दिइएका घरहरुबाट मात्र यो कर संकलन गरिएको भन्ने जानकारी प्राप्त भएको हो । यसबाट आ.व. २०७८-७९ को चैत्र मसान्तसम्ममा रु. ८४ हजार ९६ असुल भएको देखिन्छ । त्यसैगरी आ.व. २०७७-७८ मा रु १२ लाख २२ हजार ९२१ असुल भएको थियो भने आ.व. २०७६-७७ मा यो रकम रु ६ लाख ९४ हजार ६२५ रहेको थियो ।

**सम्भाब्यताः** घरजग्गा बहाल करलाई भाडाको दरको आधारमा संस्थागत, व्यवसायिक र आवसिय गरी तीन भागमा वर्गीकरण गरेर हेर्न सकिन्छ । जुनसुकै प्रकार भए पनि सबैलाई १० प्रतिशत दर कायम गरि गरेको अवस्था छ । यसै गरी गाउँपालिका भित्र कुनै व्यक्तिले वा सस्थाले जग्गा वा पोखरी भाडमा दिए पनि त्यसमा पनि १० प्रतिशतका दरले बहाल कर लगाउने उल्लेख छ । गाउँपालिकाको घरधुरी मध्ये केही घर धनीहरुले आफना घर बहालमा लगाउने गरेको देखिन्छ । बहालमा दिने अधिकाश घर धनीहरु करको दायरामा आएका हुदैनन । संस्थागत हकमा भने लेखा परीक्षण गराउनु पर्ने हुदा बहाल बापतको करको सहजरुपमा गणना हुन्छ तर आवासिय हकमा भने गणना भएको हुदैन र करको दायरामा पनि आएका हुदैनन् । करको दायरा भन्दा बाहिर भएकालाई दायरामा ल्याउन कि त पुरानो रकम मिनाह वा छुट दिन सकिन्छ । त्यसै गरी बहालकर बापत रकम भुक्तानी गर्न आउनेलाई बिशेष छुट दिएर कर संकलन र दायरामा ल्याउन सकिन्छ । पालिका भित्र बहालमा दिने घरहरु र बहालमा बस्नेहरुका लगत तयार गरी सो कार्यान्वयन गर्न सकिन्छ । पालिका भित्र रहेका घरहरुवाट घरबहाल स्वरुप आय गर्न सकिने सम्भावना रहेकोमा पहिलो वर्ष ५० प्रतिशत घरहरुवाट मात्र बहाल कर संकलन हुने र क्रमस दोश्रो र तेश्रो वर्षहरुमा ६५ र ८५ प्रतिशत बहाल कर संकलन हुने प्रषेपण गरिएको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. ८: पालिकामा घरवहाल करको सम्भावनाको गणना*

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा वस्ने संख्या | मासिक भाडा रकम | वार्षिक भाडा रकम | जम्मा भाडा असुली | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | (ख) | (ग) | (घ) | |
| | | (क) | अनुमानित | ख x १२ | क x ग | घ को १० प्रतिशत |
| १ | संस्थागत | १०० | १२००० | १४४,००० | १४,४००,००० | १,४४०,००० |
| २ | व्यवसायिक | २५० | १५००० | १८०,००० | ४५,०००,००० | ४,५००,००० |

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा वस्ने संख्या | मासिक भाडा रकम | वार्षिक भाडा रकम | जम्मा भाडा असुली | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | (ख) | (ग) | (घ) | |
| | | (क) | अनुमानित | ख X १२ | क X ग | घ को १० प्रतिशत |
| ३ | आवासिय | ६५० | २५०० | ३०,००० | १९,५००,००० | १,९५०,००० |
| जम्मा | | १००० | | | ५९,४००,००० | ७,८९०,००० |
| *पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ५०* | | | | | | ३,९४५,००० |
| *दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५* | | | | | | ५,१२८,५०० |
| *तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५* | | | | | | ६,७०६,५०० |

## घ. वित्तिय र पूँजिगत कारोबारमा लाग्ने कर (व्यवसाय कर )

**हालको अवस्थाः** पालिकाले आर्थिक ऐन मार्फत् कारोवारको प्रकृति, व्यापार, व्यवसाय र सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय दर्ता तथा कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा व्यवसायको प्रकृति र अधिकृत पुँजीका आधारमा वर्गीकरण गरिएको छ । सोही आधारमा व्यवसायको दर्ता शुल्क तोकिएको छ भने विभिन्न बर्गका निर्माण व्यवसायी, पालिका भित्रका क्रसर उद्योग, बालुवा उद्योग र अन्य उद्योगको करको दर तोपिएको छ । अगाडि दर्ता भै काम गरीरहेका वा दर्ता मात्र भएकालाई समेत नविबरण शुल्क सोही आधारमा निर्धारण गरेको छ । गाउँपालिकाले व्यवसाय कर बापत आ.व. २०७६/७७ मा रु ५ लाख ५ हजार १०८ असुल भएको थियो । त्यसैगरी, आ.व. २०७७/७८ मा रकम असुल भएको देखिन्छ ।

**संभावनाः** गाउँपालिकाको हालसम्मको तथ्यांक अनुसार सबै वडाहरुमा विभिन्न प्रकारका साना ठुला व्यावसायहरु संचालन भएका छन् । सबै व्यवसाय पालिकामा दर्ता भई करको दायरमा आएका छैनन् । ती व्यवसायहरुलाई करको दायरामा समावेस गर्न सके आगामी आ.व.करको दायरामा आउने साना ठुला व्यावसायवाट करिब रु. २४ लाख ८० हजार व्यवसाय कर संकलन हुन सक्ने सम्भावना देखिएको छ । तर आगामी आ.व.मा नै सबै व्यवसायलाई करको दायरमा ल्याउन नसकिने कुरा लाई मध्यनजर गर्दै ६५ प्रतिशत व्यवसायबाट करिब रु. ५ लाख ३६ हजार सम्म व्यावसाय कर प्राप्त हुने अनुमान गरिएको छ भने त्यस पछिका वर्षहरुमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुँदै जानेछ । यस पालिकामा दर्ता भएका विभिन्न व्यवसायहरुले प्रत्येक वर्ष व्यवसाय नविकरण गर्नु पर्ने हुन्छ । त्यसरी नविकरण गर्दा व्यवसाय कर तिरेर आएमा निशुल्क रुपमा नविकरण हुने व्यवस्था लागु गरी राजश्व संकलन गर्न सकिन्छ । यसरी नविकरण वा व्यसाय कर निर्धारण गर्दा बार्षिक लेखा परीक्षण प्रतिवेदनको आधारमा वा कारोबारको रकम र व्यवसायको प्रकृतिको आधारमा करको दर तय गर्न सकिन्छ । निर्धारित समयमा जस्तै असोज मसान्त सम्म नविकरण वा व्यवसाय कर तिरेमा केही प्रतिशत छुट गर्ने, असोज मसान्त सम्म पनि भुक्तानी नगरेमा जरिवाना बापत रकम थप गरी असुल गर्न सकिने हुन्छ ।

*तालिका नं. ९: व्यवसाय करको सम्भावनाको गणना*

| क्र.सं. | न्यापार व्यवसायको विवरण | संख्या | औसत करको दर | संभावित आय |
|---|---|---|---|---|
| १ | विभिन्न व्यवसाय (फरक फरक लगानी पूँजी भएको व्यवसाय) | १२४० | २००० | २,४८०,००० |
| | | | | |
| जम्मा | | १२४० | | २,४८०,००० |
| *पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५* | | | | १,६१२,००० |
| *दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५* | | | | १,८६०,००० |
| *तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५* | | | | २,१०८,००० |

त्यसै गरी व्यवसाय दर्ता तथा नविकरण बापत पनि आय गर्न सकिने सम्भावना रहेको छ । व्यवसायहरुलाई करको दरमा ल्याउने र पुराना व्यवसायलाई नविकरण गर्दा तोकिएको दर अनुसार पनि राम्रो रकम पालिकामा प्राप्त हुने देखिन्छ । यस पालिकामा बालुवा तथा गिट्टी लगाएतका व्यवसाय बाट पनि राम्रो आय आउन सक्दछ । त्यसलाई पनि व्यवस्थित रुपमा परिचालन गर्नु पर्ने देखिन्छ ।

### ङ. विज्ञापन कर

**हालको अवस्थाः** विद्यमान कानूनी व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । यस गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा गाउँपालिकाको आर्थिक ऐन अनुसूचि (५) बमोजिम प्रति वर्ग फिटका आधारमा विज्ञापन कर लगाई असूल उपर गरिने र यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिका संचित कोषमा राजश्व बाडँफाड गर्नुपर्ने उल्लेख गरिएको छ । गाउँपालिकाले विज्ञापन शीर्षकबाट विज्ञापनदाताहरुसँग सम्झौता गरी हालसम्म आम्दानी गरेको देखिदैन ।

**सम्भावनाः** यस गाउँपालिका अन्तर्गत बजार क्षेत्र, वसपार्क क्षेत्र, महेन्द्र राजमार्ग तथा अन्य सडक र पर्यटकीय क्षेत्र आसपास साना ठूला होर्डिङ बोर्डहरु राखे बापत बार्षिक करिब ४० लाखको हाराहारीमा राजस्व असुली हुने देखिन्छ । यस गाउँ पालिका भएर महेन्द्र राजमार्ग जाने र लोथर तथा मनहरी बजार क्षेत्र पालिकामा भएको एवं सोही बजार भएर ग्रामीण क्षेत्रको कारोबार हुने हुँदा विज्ञापन कर वापत आम्दानी गर्न सक्ने सम्भावना देखिन्छ । बजार क्षेत्रमा व्यापरिक सामग्रीको विज्ञापन गरिररेका हुन्छन । घरका भित्ताहरु तथा पर्खालहरु एवं व्यवसायिक बोर्डहरु र फ्लेक्स हरुबाट पनि कर उठाउन सकिने हुन्छ ।

**विज्ञापन बापतको सम्भावित आम्दानी**

| क्र. सं. | विवरण | स्थान | संख्या*बर्गफिट | प्रस्तावित करको दर (रु.) | संभावित असुली |
|---|---|---|---|---|---|
| १ | व्यापारिक होर्डिङ वोर्ड प्रति वर्ग फुट | सार्वजनिक | ९००० | ७० | ६३०,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | व्यापारिक होर्डिङ वोर्ड फ्लेक्स प्रति वर्ग फुट | निजी | २१६०० | ५० | १,०८०,००० |
| ३ | व्यापारिक तथा व्यवासायिक प्रयोजनका लागी घर तथा पर्खालमा लेखिएको प्रचार प्रसारको प्रति वर्ग फुट वार्षिक | | २७००० | २५ | ६७५,००० |
| ४ | विद्युत सोलार वा टेलिफोन पोलमा प्रति वर्ग फुट | | १०८०० | ७५ | ८१०,००० |
| ६ | कपडा तुल तथा फ्रेम नगरिएको फ्लेक्स प्रति थान प्रति हप्ता | | ४७२५ | १५० | ७०८,७५० |
| | | | | | - |
| **जम्मा** | | | | | **३,९०३,७५०** |

**सुधारका पक्षहरूः**

- पालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्रीसम्बन्धी लगत संकलन गर्ने ।
- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने ।
- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने ।
- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी बनेको कानूनी व्यबस्था लाई कार्यान्वयन गर्ने ।

## च. जडिबुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्थाः** यस शीर्षकमा गाउँपालिकाले हालसम्म कुनै कर संकलन गरेको छैन । गाउँपालिकाको आर्थिक ऐनको अनुसूची ११ मा काठ दाउरा जडिबुटी वातावरण तथा बन पैदावार शुल्क लगाइने उल्लेख छ । त्यसै गरी सोही ऐनको अनसूचि १४ मा कवाडी शुल्कको व्यवस्था भए पनि पालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, मरेका जन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत कर लगाइने र असुलउपर गरिने समेत उल्लेख गरेको छैन । त्यसैगरी जीवजन्तु कर (प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला, वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग कर) समेतको व्यवस्था गरिएको छ साथै कवाडी मालको कारोबारमा पनि दररेट निर्धारण गरिएको भए पनि सो बाट रकम प्राप्त भएको उल्लेख छैन ।

**सम्भावनाः** यस पालिकाका महेन्द्र राजमार्ग, लोक मार्ग तथा सहायक राजमार्गको बजार तथा अन्य बजार विस्तारै फैलिएको हुनाले कवाडी मालवस्तुको संकलन र निर्यात हुने सक्ने देखिन्छ । त्यसैगरी जडिबुटी तथा वन पैदावारको संकलन तथा बिक्रीसम्बन्धमा कुनै तथ्यांक नभए पनि आसपासको ग्रामीण क्षेत्रमा यसको उत्पादन र विक्रीको सम्भाब्यता देखिन्छ । त्यसैगरी जीवजन्तुको हाड, छाला, प्वाख आदिको अभिलेख विना कारोबार भइरहेको सुनिन्छ तर त्यसको खोजविन गरिएको छैन । खोजविन गरी त्यस्तो कारोवारलाई बैधानिक बनाइ कर आम्दानी बढाउन

सकिन्छ । । यस गाउँपालिकामा उल्लेखित शीर्षक अन्तर्गत कवाडी तर्फ १० लाख भन्दा माथि र जडिबुटी र जिवजन्तु तर्फ ३ लाख गरी करिब १३ लाख हाराहारीमा आम्दानी हुनसक्ने अनुमान गरिएको छ । त्यसै गरी बाँस तथा अन्य वन पैदावारबाट पनि ७ लाख भन्दा बढी आम्दानी हुन सक्ने अनुमान गर्न सकिन्छ ।

**सुधारका पक्षहरूः**

- यससँग सम्वन्धित व्यवसायीहरुको दर्ता र अभिलेखीकरण गर्ने ।
- कवाडी वस्तुको व्यवसायिक कारोवारलाई इजाजत प्रदान गरी वार्षिक ठेक्का मार्फत कर संकलन गर्ने
- जडीबुटीको र जिवजन्तुको उपलब्धता पत्ता लगाउने ।
- सम्बन्धित विषयमा सरोकारवालाहरुसँग छलफल गरी छिमेकी पालिकाहरुको दरसँग मिल्दोजुल्दो हुने गरी करको दर निर्धारण गर्ने।
- कर संकलन शुरुवात गर्ने ।

## छ. सवारी साधन कर

हालको कानूनी व्यवस्था अनुसार गाउँपालिकाले सिमित सवारी साधन (ईरिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरूको मात्र दर्ता, नवीकरण तथा वार्षिक वार्षिक सवारी कर संकलन गर्न सक्ने अधिकार भएकाले सो को मात्र सम्भावनाको अध्ययन गरिएको छ । गाउँपालिका क्षेत्रमा राजस्व संकलन गर्न सकिने त्यस किसिमका सवारी साधनहरू न्यून संख्यामा रहेको र यसको लगत तथा नियमन नभएकाले राजश्व संकलन भई रहेको देखिदैन । गाउँपालिकाको आर्थिक ऐनको अनुसूची ५ मा सवारी कर प्रदेश कानुनले तोके अनुसारको दररेट निर्धारण गरिए पनि यस शीर्षकमा हालसम्म खासै आम्दानी गरेको देखिदैन । आगामी आ.व.बाट पालिका क्षेत्र भित्र संचलन हुने अटो रिक्सा, ईरिक्सा ठेला तथा घुम्ती पसलहरुलाई करको दायरामा ल्याई कर राजश्व संकलन गर्न सकिन्छ । त्यसै गरी पार्किङ शुल्कलाई आयमा राखिएता पनि त्यस वापत कुनै रकम प्राप्त भएको छैन । पालिकाले बार्षिक सवारी कर तथा पूर्वाधार सेवा शुल्क तोके पनि कार्यान्वयन भएको पाइदैन तसर्थ त्यसलाई कार्यान्वयन गरेमा त्यस किसिमका सवारी साधनबाट आम्दानीको सम्भाव्यता आँकलन गर्न सकिन्छ ।

**सुधारका पक्षहरूः**

गाउँपालिकाले साना सवारी कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- रिक्सा, विद्युतीय रिक्सा सम्बन्धी तथ्यांक संकलन गरी पालिकामा दर्ता गराउने ।
- सवारी साधनको दर्ता, नवीकरण, खारेजी, रुट परमिट लगायतका कार्यका लागि आवश्यक कार्यविधि कानुन निर्माण, जनशक्ति व्यबस्थापन र अन्य सम्बद्ध निकायहरुसँग समन्वयको व्यबस्था मिलाउने ।
- करको दर र सम्बन्धित विषयमा सरोकारवालाहरुसँग छलफल गरी छिमेकी पालिकाहरुको दरसँग मिल्दोजुल्दो हुने गरी करको दर निर्धारण गर्ने ।
- इन्जिनको क्षमता, निर्माण वर्ष आदिको आधारमा मापदण्ड तयार गरी सोको आधारमा करको दर निर्धारण गर्ने ।
- ठाउँ ठाउँमा पार्किङ स्थल निर्माण गरी सो बापतको शुल्क कार्यान्वयन गर्ने ।

## ज. प्राकृतिक स्रोत तथा निकासी कर

**हालको अवस्थाः** यस शीर्षकमा गाउँपालिकाले हालसम्म उल्लेख्य रुपमा कर संकलन गरेको छैन । गाउँपालिकाको क्षेत्र भित्रका लोथर मनहरी तथा अन्य नदी खोलाहरुले पहाडी भेगबाट प्रशस्त रुपमा गिटी बालुवा बगाएर ल्याएका छन । जसको कारण तल्लो तहका जमिन पुरिदै गएको छ । लोथर तथा मनहरी पुलको सतह सम्म नै बालुवा तथा गिटी आएको छ । त्यसै गरी पहाडी भागमा प्रशस्त ढुगा उत्खनन गर्न सकिने छ । पहाडी क्षेत्रमा बाटो खन्ने क्रममा निस्किएको ढुंगा हरु त्यसै फाल्ने गरिएको छ ।

**सम्भावनाः** यस पालिकाका महेन्द्र राजमार्ग, लोक मार्ग तथा सहायक राजमार्गको भएका कारणले प्राकृतिक तथा नदी जन्य पदार्थहरु सहज रुपमा निकासी गर्न सकिने सम्भावना छ । चितवन तथा तराइका अन्य भागमा बजार तथा वस्ती विकासको क्रम तिब्र भएको कारणले निर्माण सामग्रीको ठूलो माग छ । त्यस्तै त्यहाको बालुवा उच्च गुणस्तरको मानिन्छ र सजिलै बिक्री हुन्छ । यसरी हेर्दा गिटी बालुवाको स्रोत प्रसस्त हुनु तथा बजारमा माग पनि प्रशस्त हुनाले गिटी बालुवा बिक्रीबाट राम्रो आम्दानी हुने देखिन्छ । त्यस्तै ढुंगाको पनि निर्माण कार्यको लागि ठूलो माग छ । बालुवा गिटी ढुंगा जस्ता पदार्थहरु आफ्नो पालिका सँगै अरु पालिकामा निर्यात गरी आम्दानी बढाउन सकिने छ ।

**सुधारका पक्षहरूः**

- यससँग सम्वन्धित व्यवसायीहरुको दर्ता र अभिलेखीकरण गर्ने ।
- वस्तुको व्यवसायिक कारोवारलाई इजाजत प्रदान गरी वार्षिक ठेक्का मार्फत कर संकलन गर्ने
- पदार्थको उपलब्धता पत्ता लगाउने ।
- सम्बन्धित विषयमा सरोकारवालाहरुसँग छलफल गरी छिमेकी पालिकाहरुको दरसँग मिल्दोजुल्दो हुने गरी करको दर निर्धारण गर्ने।
- कर संकलन शुरुवात गर्ने ।

### ३.३.१ गैह्र कर राजस्व

गाउँपालिकाले पालिकावासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्ने सक्ने प्रावधान अनुरुप गाउँसभाले विभिन्न सेवाहरूको शुल्कको दर निर्धारण गरी सेवा शुल्कहरू संकलन गरिरहेको छ । यसै सन्दर्भमा अगामी आ.व.हरुमा गाउँपालिकालाई प्राप्त हुने राजस्व अनुमान गरिएको छ ।

## क. व्यवसाय रजिष्ट्रेशन दस्तुर

**हालको अवस्थाः** हालको कानूनी व्यवस्था अनुसार गाउँपालिकाले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग जस्ता व्यवसायिक संघ संस्थाहरूको दर्ता, नवीकरण गरि सो को दस्तुर संकलन गर्नसक्ने छ । स्थानीय तहहरूको गठन संगै गाउँपालिकालाई यो अधिकार प्राप्त भएको हो । उल्लेखित संघसंस्थाहरू एकपटक गाउँपालिकामा दर्ता भईसकेपछि अन्यत्र पुनः दर्ता हुनु पर्दैन । व्यवसाय तथा संघसंस्थाहरू दर्ता भई सकेपछि वार्षिक रुपमा नवीकरण गर्नुका साथै वार्षिक कर पनि तिर्नुपर्ने हुन्छ । गाउँपालिकाले आर्थिक ऐन अनुसूची ४ मा व्यवसायको प्रकृति एवं पूँजीको आधारमा दर्ता तथा नविकरणको दर निर्धारण गरेको छ त्यसै गरी घ वर्गको निर्माण व्यवसायी दर्ता तथा नवीकरण र अन्यत्रबाट त्यहाँ आइ काम गरेका निर्माण व्यवसायीलाई समेत शुल्क

तोकेको छ यदि समयमा नविकरण नगरेमा विलम्ब शुल्क समेत निर्धारण गरिएको छ । त्यसै गरी गिट्टी, बालुवा लगायतका क्रसर उद्योगहरु दर्ता शुल्क रु ३ लाख तथा नविकरण बापत रु २ लाख तेकिएको छ । बालुवा प्लान्ट दर्ता वापत रु १ लाख ५० हजार र नविकरण बापत रु १ लाख तोकिएको छ ।

**सम्भावनाः** आउने आ.व.मा करिब ७२५ वटा व्यवसायहरू दर्ता हुने र सो बापत गाउँपालिकालाई करिब २२ लाख ८ हजारको हाराहारीमा राजस्व प्राप्त हुने अनुमान गरिएको छ भने त्यसपछिका आ.व.हरूमा सोही संख्यामा दर्ता हुदै जाने तथा अघिल्ला आ.व.हरूमा दर्ता भएकाहरू नवीकरण हुदै जानेछन् । उल्लेखित सम्भावित रजिष्ट्रेशन

दस्तुर बापतको आय सम्बन्धित व्यवसायिक संघ संस्था दर्ता गर्दाको आर्थिक वर्षमा दर्ता दस्तुर रकम मात्र संकलन हुने र त्यसपछिका आ.व.मा नवीकरण गर्दा नवीकरण दस्तुर प्राप्त हुने गर्दछ ।

*तालिका नं. १०: व्यवसाय रजिष्ट्रशन दस्तुरको सम्भावनाको गणना*

| क्र.सं. | व्यापार व्यवसायको विवरण | संख्या | औसत करको दर | | संभावित आय |
|---|---|---|---|---|---|
| १ | खाद्य किराना | ९० | १,००० | | ९०,००० |
| २ | मासु बिक्रेता | २७ | ७०० | | १८,९०० |
| ३ | सुनचांदी तथा गरगहना | २० | १,००० | | २०,००० |
| ४ | श्रृगारका, खेलौना तथा उपहार (गिफ्ट) सामानहरू | १८ | ५०० | | ९,००० |
| ५ | निर्माण सामग्री ,हार्डवेयर (स्यानिटरी, सिसा, प्लाई, ग्रील, गीटी, ढुंगा,बालुवा, ईटा ईत्यादी) | १८ | १,००० | | १८,००० |
| ६ | मेशिनरी तथा सवारी साधन र सो सम्बन्धि पार्टस | १८ | ८०० | | १४,४०० |
| ७ | पाठ्यपुस्तक तथा स्टेशनरी तथा खेलकुद सामाग्री | २७ | ५०० | | १३,५०० |
| ८ | फार्मेसी, औषधी, तथा आयुर्वेदिक पसल | १८ | ५०० | | ९,००० |
| ९ | कृषी तथा भेटेनरी औषधि सहित मलखाद र बिउ बिजन समेत बिक्रेताको | १८ | ५०० | | ९,००० |
| १० | कपडा तथा फेन्सी सम्बन्धि | २७ | ८०० | | २१,६०० |
| ११ | जुत्ता तथा चप्पल सम्बन्धि | २७ | १,००० | | २७,००० |
| १२ | भांडा पसलहरू | २७ | ७५० | | २०,२५० |
| १३ | इंलेक्ट्रीक एण्ड इंलेक्ट्रोनिक्स सामान बिक्रेताको लागि | २७ | ७०० | | १८,९०० |
| १४ | फर्निचर सम्बन्धित | ९ | १,००० | | ९,००० |
| १५ | मदिरा तथा सुर्तिजन्य समान बिक्रेताको लागि | २७ | १,००० | | २७,००० |
| १६ | तरकारी तथा फलफुल | ३६ | ५०० | | १८,००० |
| १७ | हस्तकलाका सामानहरू बिक्री गर्ने | ३६ | ५०० | | १८,००० |
| १८ | पेट्रोलिय पदार्थ तथा ग्यांस बिक्रेता | ४५ | १,००० | | ४५,००० |
| १९ | चिकित्सक | १ | १,००० | | १,००० |
| २० | इन्जिनियर | २ | १,५०० | | ३,००० |

| क्र.सं. | व्यापार व्यवसायको विवरण | संख्या | औसत करको दर | | संभावित आय |
|---|---|---|---|---|---|
| २१ | कानुन व्यबसायी | २ | ७५० | | १,५०० |
| २२ | लेखा परिक्षक | ५ | ५०० | | २,५०० |
| २३ | अनुसन्धान कर्ता तथा परामर्शदाता | ३ | १,५०० | | ४,५०० |
| २४ | कम्प्युटर एनालिष्ट तथा प्रेगामर | ३ | १,५०० | | ४,५०० |
| २५ | पशु चिकित्सक | ९ | १,५०० | | १३,५०० |
| २६ | निर्माण व्यबसायी (अन्यत्र बाट निर्माणको लागी गांउ पालिकामा आएको क, ख, ग, बर्गका) | ५ | २,५०० | | १२,५०० |
| २७ | "घ" बर्गका निर्माण व्यवसायी | ५ | १५,००० | | ७५,००० |
| २८ | खाद्य तथा पेय सम्बन्धि उद्योग | ९ | ७५० | | ६,७५० |
| २९ | साना तथा घरेलु उद्योगहरू | १८ | ५०० | | ९,००० |
| ३० | निर्माण सामाग्री उद्योगहरू | ९ | १,५०० | | १३,५०० |
| ३१ | व्यबसायीक कृषी फर्महरू | ९ | १,००० | | ९,००० |
| ३२ | व्यवसायीक नर्सरी | ९ | ५०० | | ४,५०० |
| ३३ | पर्यटन उद्योग, होटल | ४५ | १,५०० | | ६७,५०० |
| ३४ | निजी संचार सेवा प्रदायक संस्थाहरू | १ | १,००० | | १,००० |
| ३५ | बित्तिय सेवा | २ | ५,००० | | १०,००० |
| ३६ | स्वास्थ्य सेवाः | २ | १,५०० | | ३,००० |
| ३७ | कम्पनी तथा गुठी क्षेत्रका शिक्षालयहरू | १ | २,००० | | २,००० |
| ३८ | ब्युटी पार्लर तथा हजाम सेवा | १८ | ७५० | | १३,५०० |
| ३९ | फोटो स्टुडियो | १ | ५०० | | ५०० |
| ४० | सिलाइ बुनाइ तथा अन्य | ९ | ५०० | | ४,५०० |
| ४१ | स- मिल समेत फर्निचर उद्योग | ९ | २,५०० | | २२,५०० |
| ४२ | चिरानी मात्र को स मिल | ९ | १,००० | | ९,००० |
| ४३ | टेन्ट | ९ | ५०० | | ४,५०० |
| ४४ | केबुल नेटवकए | ९ | ५०० | | ४,५०० |
| ४५ | गिट्टी, बालुवा लगायतका ऋसर उद्योगहरू दर्ता | ३ | ३००,००० | | ९००,००० |
| ४६ | बालूवा प्लान्ट दर्ता | ४ | १५०,००० | | ६००,००० |
| | | | | | - |
| **जम्मा** | | ७२६ | | | **२,२०९,८००** |
| *पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत १००* | | | | | २,२०९,८०० |
| *दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत १००* | | | | | २,२०९,८०० |
| *तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५* | | | | | १,८७८,३३० |

**सुधारका पक्षहरूः**

- व्यवसायको प्रकृति अनुसार शुल्कको दर निर्धारण गर्ने ।
- निर्माण व्यवसायी लगाएतका पालिका क्षेत्र भित्रका व्यवसायीहरुलाई व्यवसाय रजिष्टेसन गर्न उत्प्रेरित हुने कार्य सञ्चालन गर्ने ।
- दर्ता भएका व्यवसायहरुको सुरक्षाको प्रत्याभूति गर्ने ।
- बालुवा तथा क्रसर जस्ता उद्योगहरुको क्षमता तय गरी करको दर निर्धारण गर्ने तथा दर्ता प्रक्रियामा ल्याउने ।
- सञ्चालन भएका तर दर्ता नभएका व्यवसायीहरूलाई दर्ता प्रकृयामा ल्याउने ।
- दर्ता भएर पनि नविकरण नगरी सञ्चानन भएकालाई नविकरण गर्न कडाइ गर्ने ।
- कार्यान्वयनमा अग्रसरता बढाउन आवश्यक पहल गर्ने ।

## ख. बहाल विटौरी शुल्क

**हालको अवस्थाः** गाउँपालिका आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल विटौरी शुल्क संकलन गर्न सक्ने कानूनी प्रावधान रहेको छ । सार्वजनिक जग्गा, बाटोको छेउछाउका सार्वजनिक स्थलमा रहेका टहरा, पसलहरु बाट प्रभावकारी रुपमा बिटौरी कर संकलन गर्न सकेको खण्डमा राजस्व असुलीको संभावना देखिन्छ । गाउँपालिकाले बहाल बिटौरी बापत कुनै पनि रकम संकलन गरेको छैन । सो सम्बन्धमा पालिकाको आर्थिक विधयेकको अनुसूचि ८ बमोजिम बहाल विटौरी शुल्कको निर्धारण गरेको छ । तर सोको कार्यान्वयन नहुदा उठन पर्ने रकम नउठेको देखिन्छ ।

**संभावनाः** बहाल बिटौरी शुल्कका लागि यस गाउँपालिकाको राजमार्ग लोकमार्ग तथा सहायक राजमार्ग आसपास रहेका सडक अधिकार क्षेत्रमा निर्माण गरिएका होटेल, रेष्टुरेन्टहरुसँग वहाल विटौरी असुल गर्न सकिन्छ । यसप्रकार सडक क्षेत्रमा निर्माण भएका टहरा, पसलहरु एवं हाटबजारमा रहेका पसलहरु तथा बोका खसी तथा गाइ भैसी बापत पालिकाले निर्धारण गरेको शुल्क उठाउदा पनि उल्लेख्य आय प्राप्त हुने देखिन्छ । गाउँपालिकाको मातहतमा रहेका भवन तथा जग्गाको पनि उचित रुपमा भाडा असुल हुन नसकेको देखिन्छ ।

प्रभावकारी रुपमा नीतिगत व्यवस्थाका साथ यो कर लागु गर्न सकेमा गाउँपालिकाललाई त्यस किसिमका जग्गा, संरचनाबाट करिब २० लाखभन्दा बढी वार्षिक आम्दानी हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचनासम्बन्धी विस्तृत तथ्यांक संकलनलाई अन्तिम रुप दिई बहाल विटौरी शुल्कको दायरामा ल्याउने ।
- जमिनको उपयोग अनुसार शुल्कको दर निर्धारण गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापारसम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।
- गाउँपालिकाले हाल उठाइ आएको अव्यबस्थित बसोबास व्यबस्थापन शुल्क आर्थिक ऐनमा परिमार्जन गरी बहाल विटौरी शुल्कको दायरामा ल्याउने ।

## ग. सिफारिस तथा प्रमाणित दस्तुर

**हालको अवस्था**ः गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संकलन गर्दैआएको छ । आर्थिक ऐनको अनुसूची १० मा विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर निर्धारण गरेको छ । सिफारिश तथा प्रमाणित दस्तुर वापत आ.व. ०७६।७७ मा २२ लाख ८ हजार ३६५ रुपैया संकलन भएको छ । आ.व. ०७७।७८ मा १७ लाख २१ हजार ८८८ रुपैया संकलन भएको छ ।

**सम्भावना**ः यस अन्तर्गत गाउपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरू गरेवापत लिईने दस्तुर पर्दछ, जुन गाउँपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो । गाउँपालिकाले आर्थिक विधेयकको अनुसूचि १० बमोजिमको सिफारिश दस्तुरको दररेट निर्धारण गर्नुका साथै विभिन्न थप शीर्षकहरूमा रकम समेत संकलन गर्न सकिन्छ । जस बापत गाउपालिकालाई करिब ३६ लाखको हाराहारीमा राजस्व संकलन हुने अनुमान गरिएको छ ।

*तालिका नं. ११: सिफारिश दस्तुरको विवरण*

| दस्तुर | औसत दैनिक | औसत बार्षिक निवेदन (बार्षिक २४० दिन) | औसत दर | सम्भाव्य राजस्व |
|---|---|---|---|---|
| बिभिन्न सिफारिस दस्तुर | ३० | ७२०० | ५०० | ३,६००,००० |
| **जम्मा** | **३०** | | | **३,६००,०००** |

**सुधारका पक्षहरूः**

- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।
- सबै वडा कार्यालयहरुमा कम्प्युटर सफ्टवेयरमा आधारित बिलिङ प्रणालीलाई अनिवार्य बनाउने ।

## घ. नक्शा पास दस्तुर

**हालको अवस्था**ः गाउँपालिकाको आर्थिक ऐनमा नक्सापास दस्तुरको दर तोकिएको छ तर नक्सापासको प्रचलन व्यापक रुपले अघि वढेको देखिंदैन । छलफलको क्रममा नक्सापास प्रक्रिया शुरु गरिएको र निर्माण भइसकेका घरहरुको समेत नियमन गर्ने तयारी भएको उल्लेख गरिएको छ । आर्थिक ऐनको अनुसूची १० मा घर नक्सा पास दस्तुर कच्ची घर र पक्की घर गरी वर्गीकरण गरिएको छ । जसअनुसार कच्ची घरका लागि नक्सापास दस्तुर प्रति वर्ग फिट रु. ५ देखि र पक्की घरका लागि प्रति वर्ग फिट रु.७ तोकिएको छ । यस शीर्षकबाट आ ब २०७६।७७ देखि आ.व. ०७८।७९ सम्ममा कुनै पनि रुपैया संकलन भएको देखिदैन्। पालिका क्षेत्रमा नक्सापास अनुमति नलिइकन बनेका घरहरुको संख्या उल्लेख्य रहेका तर कडाइका साथ अभिलेखीकरण दस्तुर संकलन हुन नसकेको देखिन्छ ।

**सम्भावना**ः नक्सापास गाउँपालिकाको नियमित र एक उल्लेख्य आम्दानीको स्रोत हो । आगामी आ.व.मा हुन सक्ने नयाँ घरहरूको नक्सा पास र पुराना घरहरूको दर्ता (अभिलेखिकरण) को अनुमानित संख्या र प्राप्त तथ्यांक तथा विगतको आय प्रवृत्तिका आधारमा नक्सापास तथा पुरानो घर अभिलेखीकरण दस्तुर बापत प्राप्त हुने आय निम्नअनुसार कुल रु. १ करोड २० लाख ४८ हजार आँकलन गरिएको छ ।

*तालिका नं. १२: नक्सा पास दस्तुरको सम्भावनाको गणना*

| क्र.सं. | विवरण | संख्या | औसत दर (प्रति नक्सा प्रति वर्ग फिट) | प्रति घर क्षेत्रफल (प्रति वर्ग फिट | सम्भाव्य आय (रू.) |
|---|---|---|---|---|---|
| १ | घर नक्सा पास (औसत १२०० वर्ग फिट) | ७२० | ७ | १२०० | ६,०४८,००० |
| २ | पुरानो घर अभिलेखिकरण प्रमाण पत्र ( एकमुष्ट) | २००० | ५ | ६०० | ६,०००,००० |
| ३ | | | | | ० |
| जम्मा | | २७२० | | | १२,०४८,००० |

**सुधारका पक्षहरुः**

- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरु सञ्चालन गरी नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याउने ।
- आवासीय, व्यवसायिक तथा औद्योगिक प्रयोजनका घरहरुलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने सिमान्त करदातालाई सहुलियत प्रदान गर्ने ।
- नक्सा पास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक आपसमा आवद्ध गर्ने तथा कर प्रशासन र नक्सापास प्रक्रियालाई सरलीकरण गर्ने ।
- पुराना घरलाई अभिलेखीकरण गर्न उत्प्रेरित गर्ने ।
- जग्गा जमिनको व्यवसाय गर्ने प्रयोजनका लागि हुने जग्गाको नक्सापासका लागि दरको निर्धारण गर्ने र विना स्वीकृती काम गर्न बन्देज गर्ने ।

## ङ. सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**हालको अवस्थाः** सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय अन्तर्गत गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भौतिक सम्पत्तिहरु सभा हल, विभिन्न वडामा सार्वजनिक जग्गामा रहेका घर तथा संरचाना तथा पोखरीहरु (जेसिवी तथा व्याकहो लोडर भाडा समेत आदि बहालमा दिएर गाउँपालिकाले आय प्राप्त गरिरहेको अवस्था छ ।

**सम्भावनाः** गाउँपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालन सम्बन्धमा प्राप्त तथ्यांकहरू अनुसार आगामी आ.व.मा देहाय अनुसार आय प्राप्त हुने अनुमान गरिएको छ ।

*तालिका नं. १३: सरकारी सम्पतिको बहालबाट आय*

| क्र.सं. | बहालका क्षेत्र | एकाइ | सम्भाव्य वार्षिक असुली |
|---|---|---|---|
| १ | ब्यवसायिक सटर तथा संरचना भाडा, विभिन्न वडामा सार्वजनिक जग्गामा रहेका घर तथा संरचना तथा पोखरीहरू, हाट बजारका पसल, जेसिवी तथा ग्रेढर भाडा समेत | एकमुष्ठ | २,०००,००० |
| जम्मा | | | २,०००,००० |

**सुधारका पक्षहरूः**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण एकीन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।

- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।
- बहाल बापत प्राप्त रकमको केही भाग सो को स्तरोन्नती मा लगाउने । जसको कारण करको दरमा वृद्धी गरी राजश्व आय बढाउन सकिन्छ ।
- बहाल रकम सिधै बैकमा जम्मा गर्ने प्रणालीको विकास गर्ने ।
- सम्भाव्य स्थानको पहिचान गरी आवश्यक निर्माण कार्य गर्ने ।

### च. मनोरञ्जन कर

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र पार्क, भ्यूटावर, संग्रहालय, वाल उद्यान, झरना तथा अन्य मनोरंजन स्थलहरुका लगत तयार गरी आवश्यक नीतिगत निर्णय गरी आय आर्जन गर्न सक्ने सम्भावना रहेको छ । यस किसिमको करको सम्भाव्यता हाललाई गणना गरिएको छैन । पालिकाले आफ्नो आर्थिक विधेयकमा अनुसूचि ७ मा मनोरञ्जन सम्बन्धी करको दर निर्धारण गरेको छ जसमा केवल नेटवर्क/सेट अप बक्स मात्र उल्लेख गरेको छ । माथी उल्लेखित शीर्षकहरु अनुसार करको दर तय गरी कार्यान्यन गर्ने तर्फ लाग्नुपर्ने हुन्छ । जसबाट पालिकामा पर्यटकको संख्या बढाइ आम्दानी बढाउन सक्ने संभावना देखिन्छ ।

### छ. अन्य विविध आय

गाउँपालिकाले विभिन्न किसिमका फारमहरू बिक्रीबाट प्राप्त आयलाई बिक्री अन्तर्गत राखेको छ भने अन्य विविध आयमा दण्ड जरिवाना, पेश्की फिर्ता, तथा अन्य विविध आयहरू रहेका छन् । यस शीर्षक अन्तर्गत गाउँपालिकाले करिब २० लाखमाथि संकलन गर्न सक्ने अनुमान गरिएको छ ।

# परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेद अन्तर्गत मनहरी गाउँपालिकाको समग्र राजस्व प्रशासनसंग सम्बन्धित आय संकलनको वर्तमान संस्थागत क्षमता र संकलनको अवस्थाका बारेमा विश्लेषण गरिएको छ ।

## ४.१ राजश्व परिचालन नीतिहरू

यस गाउँपालिकाले राजश्व परिचालन तथा ब्यवस्थापनका लागि छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ । राजश्व परिचालनका लागि यस पालिकाले निम्न बमोजिमका कार्यहरू अगाडि बढाएको देखिन्छ ।

१. गाउँपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मितव्ययी तथा पारदर्शी बनाउनका लागि एकीकृत सफ्टवेयरबाट लेखा प्रणाली सञ्चालन गरिनेछ ।
२. तोकिए बमोजिमको कर नियमित र सहज एवं प्रभावकारी रुपमा बुझाउने करदातालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ ।
३. आफ्नो क्षेत्र भित्र रहेका सार्वजानिक जग्गाको एकिन लागत तयार गर्ने कार्य अगाडि बढाइनेछ ।
४. गाउँपालिकाको आर्थिक क्षमता बढाउनका लागि आफ्नो क्षेत्रमा लागु गर्न सकिने खालका करका दायराहरूको पहिचान गरी करका दर भन्दा दायरा बढाउने नीति अवलम्बन गरिनेछ ।
५. नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकामा दर्ता हुने भनी तोकिएका उद्योग व्यवसायलाई गाउँपालिकामा दर्ता गर्ने व्यवस्था मिलाई त्यसको अभिलेखीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
६. आन्तरिक आयमा बढोत्तरी गर्न कर संकलन टोली गठन गरि क्रियाशिल गराईनेछ । गाँउपालिकाको राजस्व वृद्धिका लागि उद्योग, कलकारखाना खोल्न सहजीकरण गर्ने, प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ ।
७. गाँउपालिकामा स्थापित बैंक शाखा मार्फत आर्थिक कारोबारलाई प्रभावकारी एवं पारदर्शी बनाईनेछ ।
८. गाउँपालिकाको आन्तरिक आय अभिबृद्धि गर्न करको दायरालाई बढाउँदै सहभागितामूलक कर नीति अवलम्बन गरिने छ ।
९. कर राजश्व वापत सकलन भएको रकमको पारदर्शिता कायम गर्ने निति अवलम्बन गरिने छ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता (राजश्व शाखा तथा राजश्व प्रशासन)

स्थानीय तहको विकास गर्न र स्थानीय तहको सरकार दरिलो बनाउनका लागि राजश्व संकलन कार्य प्रभावकारी रुपमा गर्न जरुरी हुन्छ । सो कार्यको लागि राजश्व प्रशासन प्रष्ट र दरिलो हुन आवश्यक हुन्छ । मनहरी गाउँपालिकाको संगठन स्वरुप हेर्दा राजस्व असुलीका लागि राजस्व उपशाखा स्थापना गरी पालिकाले आफ्ना दैनिक प्रशासनिक कामहरु अघि बढाई रहेको देखिन्छ । अन्य शाखाहरुमा जस्तै राजस्व शाखाको कार्य संचालनका निमित्त छुट्टै प्रर्याप्त स्थानको अभाव रहेको देखिन्छ । गाउँपालिकाले राजश्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितका) प्रयोगले सेवामा सहजता प्रदान गर्दछ । निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमिकर लगायतका शीर्षकमा असुल हुने राजश्व वडा कार्यालयबाटै संकलन गर्ने ब्यवस्था रहेको छ । दर्ता अनुमति नवीकरण दस्तुर, नक्सापास लगायतका सेवा भने गाउँ कार्यपालिका कार्यालयबाटै हुने गरेको छ ।

### ४.२.१ राजश्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

अरु पालिकाहरुमा जस्तै यस गाउँपालिकाको पनि धेरैजसो आम्दानीका शीर्षकहरुमा वडा कार्यालयहरूबाट राजस्व संकलन गर्ने गरिएकोले सम्बन्धित वडा सचिवहरूबाट स्थानीय राजस्व संकलन कार्य हुँदै आएको छ । राजस्व शाखाको कामकाज सहजिकरण र सेवा प्रवाहका लागि दुई जना कर्मचारीहरु कार्यरत रहेका छन् । राजस्व शाखामा

अधिकृत स्तर साँतौं तहका श्री संगीता अधिकारी र सहायक स्तर पाँचौ तहका श्री दिल्लीराम रेग्मी कार्यरत रहनु भएको छ । राजस्व असुलीका लागि प्रयाप्त मात्रामा भौतिक संरचना, एकीकृत कम्प्यूटर प्रणाली र प्रयाप्त कर्मचारीहरु उपलब्ध हुन नसकेको देखिन्छ ।

### ४.२.२ राजश्व परामर्श समिति

यस गाउँकार्यपालिकामा पनि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा राजश्व परामर्श समित गठन गरिएको छ । समितिका सदस्यहरुमा कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखाको प्रमुख, स्थानीय उद्योग वाणिज्य संघ, घरेलु महासंघका प्रतिनिधिहरु समाबेश गरिएको छ र आवश्यकता अनुसार बैठकहरु बसी निर्णय गर्ने गरिएको छ ।

*तालिका नं. १४: राजस्व परामर्श समिति विवरण*

| क्र.सं. | नाम | समिति ( जिम्मेवारी) | पद |
|---|---|---|---|
| १ | श्री सिता पुलामी मगर | संयोजक | गाउँपालिका उपाध्यक्ष |
| २ | श्री मोहन कुमार श्रेस्ठ | पदेन सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | श्री सेतीमाया तामाङ | सदस्य | कार्यपालिका सदस्य |
| ४ | श्री ठाकुर राम तितुङ | सदस्य | कार्यपालिका सदस्य |
| ५ | श्री नारायण सुवेदी | सदस्य | प्रतिनिधि उद्योग वाणिज्य संघ |
| ६ | श्री संगीता अधिकारी | सदस्य सचिव | आर्थिक प्रशासन, लेखा तथा राजस्व शाखा, अधिकृत |

### ४.२.३ राजस्व प्रशासनमा सुधार गर्नुपर्ने पक्षहरु

गाउँपालिकाले राजश्व प्रशासनसंग सम्बन्धित देहाय बमोजिमको सवालहरुमा प्रयाप्त सुधार गर्नुपर्ने देखिन्छ ।

१. पालिकाको संगठन संरचना अनुसार राजश्व शाखा गठन भइसकेको छ । अनलाईन मार्फत राजश्व संकलन र अभिलेख राख्ने कार्य भई रहेको छ । पर्याप्त स्थान सहितको कोठाको व्यवस्थापन गरी आवश्यक दक्ष कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्षको व्यवस्था गरी सुदृढ गर्नुपर्ने देखिन्छ ।

२. करको सम्भावना भएका शीर्षकमा करको दर निर्धारण नभएको र भविष्यमा असुल हुन सक्ने क्षेत्रमा दर निर्धारण भएको देखिएकोले करको दायरा तथा दरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने देखिन्छ ।

३. बजार व्यवसायीहरूसंग सहकार्य गरी व्यवसाय दर्ता गर्ने प्रकृया थालनी गर्ने र अन्य सरोकारवालसंग छलफल एवं सहकार्य गरी व्यवसाय करसम्बन्धी आवश्यक कार्यविधि निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ ।

४. राजश्व शाखाको प्रशासनिक क्षमता वृद्धि गरि प्रभावकारी ढंगले क्रियाशिल गराउन श्रोत अनुमान समिति र राजश्व परामर्श समितीको भुमिका अझ बढी र प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

५. कर प्रशासन करदातामैत्री भए नभएको अध्ययन गरी रहने र सो सम्बन्धमा आएका गुनासाहरुको तुरुन्तै समाधान गर्ने खालको संयन्त्र वा संरचना तयार गर्ने ।

६. गाउँपालिका क्षेत्रभित्र रहेका धार्मिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखांकन, संरक्षण, प्रर्वदन र विकास गरी पर्यटकीय गन्तब्यको रुपमा विकसित गर्दै कर एवम् राजश्वको श्रोतमा रुपान्तरण गराउन आवश्यक रहेको देखिन्छ । गाउँपालिका अन्तर्गतका ऐलानी पर्ती जग्गाहरूको पहिचान गरी गाउँपालिकाको अधिनमा रहने प्रवन्ध मिलाई ती जग्गाहरूलाई विभिन्न ढङ्गले उपयोग गरी आयआर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

७. गाउँपालिकाको क्षेत्र भित्र रहेका धार्मीक तथा ऐतिहासिक स्थल, पार्क तथा पिकनिक स्थलहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका लागि पर्यटन बोर्डसंग समन्वय गरी पर्यटकीय गुरुयोजना तयार पार्ने र यस कार्यलाई करको दायरामा ल्याउने ।

८. सबै वडाहरूमा करदाता शिक्षा कार्यक्रम प्रभावकारी ढंगले संचालन गरी कर चुहावटलाई न्यूनीकरण गर्नुपर्ने देखिन्छ । सो को लागि रकम सोझै बैक खातामा जम्मा गर्न सकिने प्रणालीको विकास गर्न जरुरी देखिन्छ ।

९. राजश्व तथा कर दस्तुर असुल गर्नका लागि वडाहरूमा घुम्ती सेवा चौमासिक/वार्षिक रुपमा संचालन गर्नुपर्ने ।

१०. करदातालाई सम्मान तथा कर तिर्न सहज हुने किसिमको वातावरण निर्माण गर्नु पर्ने ।

## ४.३ राजश्व प्रशासन तथा नीतिसम्बन्धी सवालहरू

उपरोक्त ब्यवस्थालाई मध्यनजर गर्दा गाउँपालिकाको हालको राजश्व परिचालनका सम्बन्धमा निम्न सवालहरू विद्यमान रहेको देखिन्छ ।

१. राजश्व प्रशासनसम्बन्धी सबै आवश्यक ऐन, नियम तथा कार्यविधिहरू तयार र भएका पनि प्रष्ट नहुनु ।
२. राजश्व प्रशासनका लागि सिप एवं क्षमताले प्रयुक्त कर्मचारी कमी हुनु ।
३. राजस्व प्रशासन सूचना प्रविधिमा आधारित बनाई सुदृढिकरण नगिरनु ।
४. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथा जनकारी तथा विज्ञसँगको परामर्शमा कमी हुनु ।
५. जनता वा करदाताहरुलाई सो सम्बन्धी जनचेतना तथा जानकारी प्रदान गर्ने खालका कार्यक्रम एवं अभियान सञ्चालन नगरिनु ।
६. राजश्वसम्बन्धी अभिलेख समेटिएको वस्तुगत विवरण नहुनु ।
७. नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको दायरा विस्तारमा विशेष पहल नगर्नु ।
८. राजस्व असुलीमा राजनैतिक प्रतिवद्धता नदेखिनु ।
९. अनुगमन तथा मुल्याङ्कन समयावद्ध तथा वैज्ञानिक नहुनु ।

## ४.४ प्रभावकारी राजश्व परिचालनका प्रमुख पक्षहरू

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकुल राजश्व परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गरी तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने

देखिन्छ । गाउँपालिकाले राजश्व परिचालनका लागि तत्काल सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन् ।

### ४.४.१ कानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा संघीय कानुनले प्रदान गरेका राजश्व अधिकारसम्बन्धी प्रावधानहरूको व्यवस्थित कार्यान्वयन र राजश्व परिचालनका लागि करको दायरा तथा दरमा परिमार्जन गरी विनियोजन ऐन, आर्थिक ऐन, नियमावली तथा विभिन्न कार्यविधिहरू समयमै अद्यावधिक गरी गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ४.४.२ उपयुक्त संगठन निर्माण

उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजश्व अभिलेख तथा सूचना प्रणाली सहित राजश्व परिचालनका लागि सुदृढ तथा छुट्टै राजश्व शाखाको व्यवस्था गर्नु पर्ने देखिन्छ । साथै वडा कार्यालयलाई केही शीर्षकहरूमा राजश्व असुलीको जिम्मेवारी दिइएकोले वडाका कर्मचारीहरूलाई आवश्यक तालिम दिई दक्ष बनाउनु पर्ने देखिन्छ ।

### ४.४.३ तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण

गाउँपालिकाले तयार पारेको करको दायरा र दर रेटले सबै क्षेत्रलाई समेट्न नसकेकोले गाउँपालिकाले संकलन गर्न सक्ने विभिन्न कर तथा गैह्र करका दायरा तथा दरहरूको विवरण अद्यावधिक गर्नुपर्ने देखिन्छ । आगामी दिनहरूमा नयाँ स्रोतहरूको पहिचान तथा विद्यमान स्रोतहरूको दायरा विस्तार गर्दै राजश्व परिचालन चुस्त दुरुस्त पार्नु पर्दछ । त्यसै गरी कर सँग सम्बन्धित सूचना तथा जानकारी तथा अन्य अभिलेखहरु कम्प्युटराइज्ड र प्रविधि मैत्री बनाउनु पर्ने देखिन्छ । त्यस्ता अभिलेखहरु सेवा ग्राहीले हेर्न चाहेमा हेर्न सक्ने गरी विकास गर्नु पर्ने देखिन्छ ।

### ४.४.४ विभिन्न आयमूलक कार्यक्रम

गाउँपालिकाले आफ्नो आन्तरिक आय वृद्धिका लागि विभिन्न संघ संस्थाहरूसंग समन्वय गरी विभिन्न किसिमका युवा अभिमुखीकरण, सीपमुलक तथा आयमुलक कार्यक्रमहरू संचालन गरी पालिकामा ठुलो संख्यामा रहेका महिला तथा युवा जनसंख्यालाई उद्यमी वा अन्तर उद्यमीको रुपमा रुपान्तरण गरी पालिकावासीहरुको कर तिर्न सक्ने क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । यसकालागि विद्यमान सम्पत्तिको परिचालन गरी व्यवसायीक सेवामुलक तथा आयमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न नीजि क्षेत्रसंग समन्वय गर्न आवश्यक देखिन्छ । घरेलु तथा साना उद्योग विकास समितिसंग समन्वय गरी लघु साना एवम मझौला उद्यमीहरूको सृजना गर्नुपर्ने देखिन्छ । पालिका क्षेत्रमा संचालित व्यापार, पर्यटन, कृषि र व्यवावसाय लगायतका थप आयमुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

### ४.४.५ पारदर्शिता र जवाफदेहिता

पालिकाहरुले प्रभावकारी राजश्व प्रशासनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिक प्रति जवाफदेही हुन आवश्यक छ । जुन शीर्षकबाट आय आर्जन भएको हो सोही शीर्षकमा नै बढी खर्च गर्दा पालिकावासीहरूमा राम्रो सन्देश जान सक्दछ । सकंलित राजश्व तथा खर्चको सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ । बैक मार्फत राजश्व संकलन गर्ने परीपाटी बसालेमा थप पारदर्शिता

हुने हुन्छ । त्यसै गरी निश्चित अबधी तोकेर सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमहरु सञ्चालन गरेका पनि करदातालाई विश्वस्त पार्न सकिने हुन्छ ।

### ४.४.६ परिवर्तित ब्यवस्था अनुसार राजश्व संकलन

परिवर्तित ब्यवस्था अनुसार राजश्व संकलनको लागि कानूनी ब्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, संकलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजश्व शीर्षकहरूमा समन्वयात्मक तरिकाले राजश्व संकलन गर्नु, तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रुपमा रहेको छ । परिवर्तित अवस्थामा कसरी काम गर्ने हो सो सम्बन्धी निर्देशिका तयारी अवस्थामा भएमा सहज कार्यान्वयन गर्न सकिन्छ ।

# परिच्छेद पाँच : राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको मनहरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । गाउँपालिकाको राजश्वसम्बन्धी अधिकार, करको दायरा, दररेट संम्बन्धी सरोकारवालाहरूसंगको छलफलमा राजश्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधिमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू देहाय बमोजिम रहेको छ ।

*तालिका नं. १५: राजस्व सुधार कार्ययोजना*

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| **क. कर तथा गैह्र कर राजस्व** | | | |
| सम्पत्ति कर | ▪ सम्पत्ति कर र यसको कार्यान्वयवन सम्बन्धि अभिमुखीकरण कार्यक्रम गर्ने ।<br>▪ सम्पत्ति कर कार्यान्वयनका लागि कार्य विधि तयार गरि गाउँ सभा वा कार्यपालिकाबाट पारित गर्ने । | २०७९ असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व परामर्श समिति<br>गाउँ सभा, वडा कार्यालय |
| | ▪ राजस्व शाखा अन्तर्गत रहने गरि सम्पत्ति कर इकाईको स्थापना तथा भौतिक सुविधा को व्यवस्था गर्ने । | २०७९ साउनको पहिलो हप्तासम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व शाखा, वडा कार्यालय |
| | ▪ असुल उपर गर्नको लागि सफ्टवेयर र विलिंग प्रणाली शुरु गर्ने | | राजस्व शाखा, वडा कार्यालय |
| | ▪ मालपोत (बक्यौता समेत) असुल गर्ने । | २०७९ श्रावण १ देखि निरन्तर | |
| | ▪ गाउँपालिका भित्र रहेका वडाहरूमा माइकिङ, सभा, गोष्ठीहरू संचालन गरि जनचेतना जगाउने । | २०७९ असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय |
| | ▪ सम्पत्ति कर लागु भएपछि सो कर प्राप्त भए नभएको सम्बन्धमा अधिकार प्राप्त अधिकारी तथा अनुगमन टोली बनाई वडा वडामा अनुगमन गर्ने । | निरन्तर | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |
| | ▪ सम्पत्ति कर लागू भएका नपा, गापाहरूको अवलोकन भ्रमण गर्ने । | २०७९ फाल्गुण मसान्त सम्म | गाउँकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| ब्यवसाय कर | ▪ गाउँपालिका भित्र रहेका ब्यवसायीहरूको तथ्यांक अध्यावधिक गर्ने । | २०७९ असार मसान्त सम्म | राजस्व शाखा<br>वडा कार्यालयहरू |
| | ▪ ब्यवसायीहरूलाई करसम्वन्धी सवै वडाहरुमा १ दिने सचेतना अभिमुखीकरण आयोजना गर्ने । | २०७९ असार मसान्त सम्म | प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| | ▪ दर्ता नभएका ब्यवसायीलाई गाउँपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम तथा सूचनाका अन्य माध्यम मार्फत सूचना जारी गर्ने । | | |
| | ▪ निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने । | निरन्तर, | गाउँसभा, प्रमुख प्रशासकीय अधिकृत |
| सवारी कर | ▪ गाउँपालिका क्षेत्रमा रहेका साना सवारी (ठेला लगायत) को लगत संकलन गर्ने ।<br>▪ दर्ता नवीकरणको प्रकृया अगाडि बढाई कर संकलन गर्ने ।<br>▪ अन्य सवारी करको विषयमा प्रदेश कानुन र प्रदेश सरकारसँग समन्वय अनुसार गर्ने । | २०७९ श्रावण १ देखि | प्रशासन शाखा, वडा कार्यालय |
| घर वहाल कर | ▪ गाउँपालिका भित्र रहेका वहालमा दिने घरधनीहरूको विवरण वडा कार्यालय मार्फत अध्यावधिक गर्ने ।<br>▪ घर वहालकर तिर्नका लागि घरधनीलाई प्रोत्साहित गर्ने । | आ.व.०७८/७९ भित्र निरन्तर | प्रशासन शाखा, वडा कार्यालय |
| जडीबुटी, कवाडी, जिवजन्तु कर | ▪ जडीबुटी निकासी वा पैठारी गर्ने, कवाडी कारोवार गर्ने, जिवजन्तु निकासी वा पैठारी गर्नेहरू संग राजस्व परामर्श समितिमा छलफल गरि उचित दर निर्धारण गरि कर संकलन गर्ने । | २०७९ असार मसान्त देखि निरन्तर | प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| **वहाल विटौरी शुल्क** | ▪ वहाल विटौरी लगाउन सकिने क्षेत्रहरूको निर्धारण गर्ने<br>▪ सार्वजनिक जग्गा, ऐलानी जग्गामा रहेका घरहरूकोसम्बन्धमा घरवालाहरू संग छलफल गरी करको शुल्क तोक्ने ।<br>▪ सार्वजनिक जग्गाहरू वार्षिक ठेक्का लगाई शुल्क असुली गर्ने । | २०७९ असार मसान्त सम्म | प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| **व्यवसाय रजिष्ट्रेसन दस्तुर** | ▪ रजिष्ट्रेसन गर्नुपर्ने संघसंस्थाहरूको विवरण संकलन तथा अध्यावधिक गर्ने ।<br>▪ वडास्तरीय कर शिविरहरू संचालन गर्ने । | २०७९ असार मसान्त सम्म | प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| **अचल सम्पत्ति मूल्यांकन शुल्क** | ▪ सम्पत्ति कर र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकत्रित गर्ने ।<br>▪ मूल्यांकन शुल्क दर आवश्यक मात्रामा पुनरावलोकन गर्ने ।<br>▪ वैदेशिक र वैंकिंङ प्रयोजनको रुपमा वर्गिकरण गर्ने । | २०७९ असार मसान्त सम्म | प्रमुख प्रशासकिय अधिकृत, गाउँ कार्यपालिका, राजश्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| **पर्यटन सेवा शुल्क** | ▪ ऐतिहासिक, पर्यटकिय तथा अन्य धार्मिक स्थलहरू र ति क्षेत्रहरूको प्रचार प्रसार, विकास तथा सेवाहरूको व्यवस्थापन गरी पर्यटन शुल्क लगाउने । | निरन्तर | राजस्व शाखा<br>प्रशासन शाखा<br>गाउँकार्यपालिका |
| **पुर्वाधार उपयोग शुल्क** | ▪ गाउँपालिकाले निर्माण गरेका संरचना वा हस्तान्तरण भई आएको बाटो, धर्मशाला, सभागृहहरू लगायतमा शुल्क निर्धारण गरि उपयोग शुल्क लगाउने । | २०७९ असार मसान्त सम्म | गाउँकार्यपालिका, राजस्व परामर्श समिति, राजश्व शाखा |
| **नक्सा पास दस्तुर** | ▪ घर, टहरा ,कम्पाउण्ड नक्सापास दस्तुर कडाईका साथ अनिवार्य गर्नुपर्ने । | निरन्तर | वडा कार्यालय, नक्सापास शाखा, गाउँकार्यपालिका |
| | ▪ नियमित अनुगमन र दण्ड जरिवाना लगाउने । | हरेक तीन/तीन महिनामा | नक्सापास शाखा, राजस्व शाखा |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| | ▪ अभिलेखिकरण प्रकृयालाई आगामी आ.व.सम्म कायम राख्ने । | २०७९/०८० सम्म | नक्सा शाखा |
| **अन्य** | ▪ विभिन्न सेवा शुल्कहरूका दर निर्धारण, परिमार्जन गरि सेवा शुल्क लिने । | २०७९ असार देखि निरन्तर | गाउँसभा, राजस्व परामर्श समिति, राजश्व शाखा, वडा कार्यालयहरु |
| | **ख. नयाँ क्षेत्र पहिचान तथा परिचालन** | | |
| **सार्वजनिक सम्पत्तिको अभिलेखिकरण तथा परिचालन** | ▪ गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरू, सार्वजनिक स्थलहरू, रुखबिरुवा पाटी पौवा तथा अन्य सम्पत्तीहरुको अभिलेखिकरण गर्ने, संरक्षण तथा सम्बर्धन गर्ने, सोको परिचालन संभाव्यता अध्ययन गर्ने । | २०७९ असोज मसान्तसम्म | प्रमुख प्रशासकिय अधिकृत गाउँकार्यपालिका, गाउँ सभा सम्बन्धित वडा कार्यालयहरू |
| **सम्भाव्य सुविधाको निर्माण, संचालन तथा व्यवस्थापन** | ▪ गाउँपालिकाको दीर्घकालिन आय स्रोत हुने गरी सम्भाव्यता अध्ययन गर्ने ।<br>▪ कृषी तथा तरकारी बजार केन्द्र (हाट बजार) व्यवस्थित गर्ने<br>▪ सार्वजनिक शौचालय निर्माण तथा ब्यवस्थित गर्ने ।<br>▪ संघसंस्था तथा निजि क्षेत्रका स्कुलहरू आदिसंग छलफल गरी तिनिहरूलााई करको दायरामा ल्याउनें ।<br>▪ मेलापर्वहरूमा मनोरञ्जन गराउने ब्यवसायीहरूलाई करको दायरामा ल्याउने ।<br>▪ धर्मशाला, सभाहल निर्माण गरि आय आर्जन गर्ने ।<br>▪ गाउँपालिकाको मुख्य बजार क्षेत्रमा वाइफाइ जोनको विकास गरि आय आर्जन वृद्धि गर्ने ।<br>▪ पार्किङ्ग स्थलहरुको निर्माण तथा व्यवस्थापन गर्ने ।<br>▪ लोथर तथा मनहरी खोलाको बालुवा उत्खनन तथा विक्री सम्बन्धी आवश्यक निर्णय गर्ने । | आ.व. ०७९/०८० देखि ०८१/०८२ मसान्तसम्म | गाउँकार्यपालिका,<br>सम्बन्धित वडाकार्यालय<br>निजी क्षेत्र |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| **महत्वपुर्ण धार्मिक तथा पर्यटकिय स्थलहको विकास, संरक्षण तथा प्रवद्धर्धन** | ▪ गाउँपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थलहरूको विकास, संरक्षण तथा प्रवद्धर्धनका लागि गुरुयोजना बनाउने अध्ययन गर्ने । | **२०७९ चैत्र मसान्तसम्म** | गाउँपालिका कार्यपालिका,<br>सम्बन्धित वडाकार्यालय<br>निजी क्षेत्र |
| **ग. राजस्व प्रशासन** | | | |
| **नीतिगत व्यवस्था** | ▪ राजस्व सुधार कार्ययोजना लगायत राजस्व ऐन तथा अन्य आवश्यक कार्यविधि तयार गरि गाउँसभाबाट पास गर्ने ।<br>▪ राजस्व परामर्श समितिले पारित गरेका कर नीति लागु गर्ने ।<br>▪ कर प्रशासनलाई चुस्त तथा प्रभावकारी बनाउन आवश्यक नितिगत निर्णयहरु गर्ने । | २०७९ आषाढ मसान्त भित्र | प्रमुख प्रशासकिय अधिकृत<br>गाउँसभा |
| **सांगाठनिक व्यवस्था** | ▪ गाउँपालिकाको संगठनात्मक ब्यवस्था अन्तगत राजस्व शाखामा आवश्यक कर्मचारीहरू व्यवस्था गर्ने ।<br>▪ राजस्व प्रशाासनका लागि आवश्यक भौतिक सुविधाहरू (कार्य स्थल, फर्निचर, ल्यापटप, प्रिन्टर, कम्प्युटर सफ्फट्वेयर आदि) । | २०७९ आषाढ मसान्त भित्र | प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| **राजस्व संकलन तथा अभिलेख** | ▪ राजस्व अभिलेख सम्वन्धी सफ्टवेयर अध्यावधिक गर्ने, करदाताको विवरण सोही सफ्टवेयरमा इन्ट्री गर्ने ।<br>▪ राजस्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणालीमार्फत सेवा दिने व्यवस्था मिलाउने । | २०७९ असोज १५ भित्र | प्रमुख प्रशासकिय अधिकत, गाउँ कार्यपालिक, राजश्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| **सूचना तथा पारदर्शिता** | ▪ सञ्चार माध्यमहरू (स्थानिय एफ एम रेडियो, टेलिभिजन) बाट कर तिर्ने प्रोत्साहित गर्ने सम्वन्धी सूचना सम्प्रेषण गर्ने ।<br>▪ गाउँपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने । | २०७९ आषाढ देखि निरन्तर | प्रमुख प्रशासकिय अधिकृत,<br>वडा सचिवहरू |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| **अनुगमन** | ▪ अनुगमन गरि छुटेका करदातालाई करको दायरामा ल्याउने । | प्रत्येक तीन महिनामा | गाउँ कार्यपालिका |
| **पारदर्शिता** | ▪ मासिक रुपमा आय ब्यायको सार्वजनिककरण गर्ने ।<br>▪ करदाताहरू सम्मिलित सार्वजनिक अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने । | नियमित | प्रमुख प्रशासकिय अधिकृत |
| **करदाता तथा कर्मचारी प्रोत्सहान कार्यक्रम** | ▪ करदातालाई सम्मान (बढि कर तिर्ने र नियमित तिर्नेलाई) ।<br>▪ कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्याङ्गन गरी प्रोत्साहन गर्ने । | वार्षिक रुपमा (गाउँ सभा गर्ने दिनमा) | प्रमुख प्रशासकिय अधिकृत<br>गाउँ कार्यपालिका |
| **समिक्षा र मूल्यांकन** | ▪ वार्षिक रुपमा समिक्षा तथा पुनरावलोकन गर्ने । | चौमासिक रुपमा (आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक) | प्रमुख प्रशासकिय अधिकृत<br>गाउँ कार्यपालिका |

# परिच्छेद छ : आगामी तीन वर्षको आय प्रक्षेपण

कार्य योजनाको यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरूका लागि मनहरी गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । गाउँपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय सङ्कलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यस प्रक्षेपणले मनहरी गाउँपालिकाको आय वजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । पालिकाको बजेट प्रक्षेपण गर्दा विगत तीन वर्षमा प्राप्त बजेटलाई आधार मानिएको छ जसलाई तलको तालिकामा देखाइएको छ ।

*तालिका नं. १६: तीन बर्षको अनुमान र वास्तविक विवरण*

| राजश्व संकेत | राजश्व शीर्षक | ०७६/७७ | ०७७/७८ | ०७८/७९ - (२०७८१२-३०) | |
|---|---|---|---|---|---|
| | | वास्तविक | वास्तविक | अनुमान | वास्तविक २०७८ (०७८१।१२।३० सम्मको) |
| **१००००** | **राजश्व तथा अनुदान** | ७१०,३५२,२१८ | ८९०,६०५,६३१ | ९८२,९८२,१४३ | ४३५,९६६,०६१ |
| **११०००** | **कर** | ९३,६९४,१३२ | १०२,९८१,१०५ | १००,२०२,००० | ५५,८९४,३२४ |
| **११३००** | **सम्पत्ती कर** | १३,२६०,७७७ | १५,९१२,३०४ | ३,०००,००० | ८३७,३७८ |
| **११३१०** | **अचल सम्पत्तीमा लाग्ने कर** | १२,५६५,९३१ | १४,५४१,६१९ | २,२००,००० | ७५३,२८२ |
| ११३११ | सम्पत्तिमा बहाल तथा पट्टा बापतको आयमा लाग्ने कर | - | - | | |
| ११३१२ | व्यक्तिगत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | | |
| ११३१२ | संस्थागत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | | |
| ११३१३ | सम्पत्ति कर | २५२,१३२ | ७३०,९३७ | ४००,००० | १०७,०६९ |
| ११३१४ | भूमी कर (मालपोत) | २,६३७,९०८ | ४,६१४,७६१ | १,८००,००० | ६४६,२१३ |
| ११३१५ | घर जग्गा रजिस्टेसन दस्तुर | ९,६७५,८९१ | ९,१९५,९२१ | | |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | ६९४,८४६ | १,३७०,६८५ | ८००,००० | ८४,०९६ |
| ११३२१ | घर बहाल कर | ६९४,६३५ | १,२२२,९२१ | ६००,००० | ८४,०९६ |
| ११३२२ | बहाल विटौरी शुल्क | २११ | १४७,७६४ | २००,००० | |
| **११३५०** | **वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर** | - | - | - | - |
| ११३५१ | वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर | | - | | - |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | ७०,१५३,०१५ | ८२,२२५,३५९ | ९७,२०२,००० | ५५,०५६,९४६ |
| **११४१०** | **मुल्य अभिवृद्धि कर** | ५५,०५२,८४७ | ८२,१८६,८६० | ४८,५५१,००० | ४२,४७३,२५७ |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५५,०५२,८४७ | ८२,१८६,८६० | ४८,५५१,००० | ४२,४७३,२५७ |
| **११४२०** | **अन्त:शुल्क** | १५,१००,१६७ | - | ४८,५५१,००० | १२,५८३,६८९ |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | १५,१००,१६७ | | ४८,५५१,००० | १२,५८३,६८९ |
| **११४४०** | **विशेष सेवामा लाग्ने कर** | - | - | - | - |
| ११४४२ | स्वास्थ्य सेवा कर | | - | | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ११४४३ | शिक्षा सेवा शुल्क : शैक्षिक संस्था | | - | | - |
| ११४४४ | शिक्षा सेवा शुल्क : वैदेशिक अध्ययन | | - | | - |
| **११४५०** | **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **-** | **-** | **१००,०००** | **-** |
| ११४५१ | सवारी साधनमा कर ( सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर) | | | | - |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | - | - | १००,००० | - |
| ११४५६ | सवारी साधन कर | | | | |
| **११४७०** | **मनोरंजन कर** | | **३८,४९९** | **-** | **-** |
| ११४७१ | सिनेमा डकुमेन्ट्री | | | | |
| ११४७२ | विज्ञापन कर | - | ३८,४९९ | | |
| ११४७३ | अन्य मनोरंजन कर | | | | |
| **११६००** | **अन्य कर** | **१०,२८०,३४०** | **४,८४३,४४२** | **-** | **-** |
| **११६१०** | **व्यवसायले भुक्तानी गर्ने** | **५०५,१०८** | **-** | **-** | **-** |
| ११६११ | व्यवसाय कर | ५०५,१०८ | - | | |
| ११६१४ | रेडियो, एफ.एम. संचालन दस्तुर | | | | |
| **११६२०** | **व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने** | **-** | **-** | **-** | **-** |
| ११६२१ | चालक अनुमती पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | | - | | - |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | **-** | **-** | **-** | **-** |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको ब्यवसायिक कारोवारमा लाग्ने कर | | | | - |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | | | | |
| **११६९०** | **अन्य कर** | **९,७७५,२३२** | **४,८४३,४४२** | **-** | **-** |
| ११६९१ | अन्य कर | ९,७७५,२३२ | ४,८४३,४४२ | | |
| **१३०००** | **अनुदान** | **२९५,९१९,८९६** | **४१९,४८०,२७०** | **४३२,२२१,०००** | **३०९,९१६,२५०** |
| **१३१००** | **द्विपक्षीय वैदेशिक अनुदान** | **-** | **-** | **-** | **-** |
| **१३११०** | **द्विपक्षीय वैदेशिक चालू अनुदान** | **-** | **-** | **-** | **-** |
| १३१११ | द्विपक्षीय वैदेशिक चालू अनुदान | | | | - |

| | | | | | |
|---|---|---|---|---|---|
| १३१२० | **द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान** | - | - | - | - |
| १३१२१ | द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान | | | | |
| १३२०० | **बहुपक्षीय वैदेशिक अनुदान** | - | - | - | - |
| १३२१० | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | - | - | - | - |
| १३२११ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | |
| १३२१२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | |
| १३२२० | **बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान** | - | - | - | - |
| १३२२१ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | |
| १३२२२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | |
| १३३०० | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | २९५,९१९,८९६ | ४१९,४८०,२७० | ४३२,२२१,००० | ३०९,९१६,२५० |
| १३३१० | **अन्तरसरकारी अनुदान** | २९५,९१९,८९६ | ४१९,४८०,२७० | ४३२,२२१,००० | ३०९,९१६,२५० |
| | **संघिय सरकार** | २७१,७२५,९२१ | ३३९,५३१,२७० | ३६४,१६७,००० | २६१,७४६,००० |
| १३३११ | समानीकरण अनुदान | १२५,३००,००० | १२५,५००,००० | १३१,१००,००० | १०५,६००,००० |
| १३३१२ | शसर्त अनुदान चालु | १४२,५८२,१२१ | २१४,०३१,२७० | २१३,६६७,००० | १५०,७४६,००० |
| १३३१३ | विषेश अनुदान चालु | ३,८४३,८०० | | १२,५००,००० | ४००,००० |
| १३३१४ | समपुरक अनुदान चालु | - | | | |
| १३३१५ | अन्य अनुदान चालु | - | | | |
| १३३१३ | शसर्त अनुदान पुँजीगत | | | ६,९००,००० | ५,०००,००० |
| | **प्रदेश सरकार** | २४,१९३,९७५ | ७९,९४९,००० | ६८,०५४,००० | ४८,१७०,२५० |
| | समानीकरण अनुदान | १०,३४०,००० | १०,३८४,००० | ११,१०५,००० | ८,३२८,७५० |
| | शसर्त अनुदान चालु | ८,४०३,९६० | २५,४५५,००० | ५,४४३,००० | ९,७२८,७५० |
| | विषेश अनुदान | | ३,७५०,००० | ६,०००,००० | ४,५००,००० |
| | समपुरक अनुदान | | २९,८६०,००० | २९,८०६,००० | २२,३५४,५०० |
| १३३१३ | शसर्त अनुदान पुँजीगत | | | ११,७००,००० | ३,१२८,५०० |
| | अन्य अनुदान (अन्य संस्थागत आन्तरिक अनुदान १३४११) | ५,४५०,०१५ | १०,५००,००० | ४,०००,००० | १२९,७५० |
| १३३२० | **अन्तरसरकारी पूँजीगत अनुदान** | - | | - | - |
| १३३२१ | शसर्त पूँजीगत अनुदान | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३३२२ | विशेष पूँजीगत अनुदान | | | | |
| **१४०००** | **अन्य राजश्व** | **१२४,८६९,३९०** | **१५८,८१३,२८२** | **२०२,४०४,०००** | **७०,१५५,४८८** |
| **१४१००** | **सम्पत्तिबाट प्राप्त आय** | **११७,९८६,३००** | **१२९,६९९,४१७** | **१९२,६८६,०००** | **६३,८८८,८१७** |
| **१४११०** | **व्याज** | **-** | **-** | **-** | **-** |
| १४१११ | वित्तीय निकायबाट प्राप्त व्याज | | | | |
| १४११२ | व्यापारिक निकायबाट प्राप्त व्याज | | | | |
| १४११३ | औद्योगिक निकायबाट प्राप्त व्याज | | | | |
| १४११४ | सेवामुलक निकायबाट प्राप्त व्याज | | | | |
| १४११९ | अन्य निकायबाट प्राप्त व्याज | | | | |
| **१४१२०** | **लाभांश** | **-** | **-** | **-** | **-** |
| १४१२१ | वित्तीय निकायबाट प्राप्त लाभांश | | | | |
| १४१२२ | व्यापारिक निकायबाट प्राप्त लाभांश | | | | |
| १४१२३ | औद्योगिक निकायबाट प्राप्त लाभांश | | | | |
| १४१२४ | सेवामुलक निकायबाट प्राप्त लाभांश | | | | |
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | | | | |
| **१४१५०** | **भाडा तथा रोयल्टी** | **१०३,११२,८२५** | **१०९,९१५,०७९** | **१६९,०७२,०००** | **४७,५७५,०२८** |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | | - |
| १४१५२ | क्यासिनोबाट प्राप्त रोयल्टी | | | | |
| १४१५३ | वन रोयल्टी | ७,३६०,११४ | ४,१७४,१२५ | ९,०७२,००० | ८२८,०६८ |
| १४१५४ | खानी रोयल्टी | | | | |
| १४१५७ | दहरहत्तरक | ९५,७५२,७११ | १०५,७४०,९५४ | १६०,०००,००० | ४६,७४६,९६० |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | | | | |
| **१४१७०** | **राजश्व बाँडफाँडबाट प्राप्त आय** | **१४,८७३,४७६** | **१९,७८४,३३९** | **२३,६१४,०००** | **१६,३१३,७८९** |
| १४१७१ | वन रोयल्टी | | | | |
| १४१७२ | खानी रोयल्टी | | | | |
| १४१७३ | जलस्रोत रोयल्टी | | | | |
| १४१७४ | पर्वतारोहण रोयल्टी | | | | |
| १४१७५ | पदयात्रा रोयल्टी | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४१७६ | पर्यटन सेवा शुल्क रोयल्टी | | | | |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन रोयल्टी | | | | |
| १४१७८ | सवारी साधन कर | १४,८७३,४७६ | १९,७८४,३३९ | २३,६१४,००० | १६,३१३,७८९ |
| १४१७९ | अन्य बाँडफाँड हुने राजश्व | | | | |
| **१४२००** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **२,२५६,२६५** | **२,४६०,७२३** | **३,२१८,०००** | **२,४९९,२८१** |
| **१४२१०** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **-** | **-** | **-** | **-** |
| १४२११ | कृषि उत्पादनको बिक्रिबाट प्राप्त रकम | | | - | |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम | | | - | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम(ढुङ्गा, गिट्टी, वालुवा) | | | | |
| १४२१६ | निजी धारा बापतको शुल्क | | | | |
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | | | | |
| १४२१८ | विद्युत्त सेवा शुल्क | | | | |
| १४२१९ | अन्य सेवा शुल्क | | | | |
| **१४२२०** | **प्रशासनिक सेवा शुल्क** | **-** | **-** | **-** | **-** |
| १४२२१ | न्यायिक दस्तुर | | | | |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | | | |
| १४२२४ | परीक्षा शुल्क | | | | |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | | | |
| **१४२४०** | **दस्तुर** | **२,२५६,२६५** | **२,४६०,७२३** | **३,२१८,०००** | **२,४९९,२८१** |
| १४२४१ | आन्तरिक श्रोत | | | | |
| १४२४२ | पार्किङ्ग शुल्क | | | | |
| १४२४२ | नक्सापास दस्तुर | | | १००,००० | - |
| १४२४३ | सिफारिश दस्तुर | २,२०८,३६५ | १,७२१,८८८ | ३,०००,००० | २,४६९,९८१ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | ४७,९०० | १९१,२३५ | | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | | |
| १४२४६ | मुल्यांकन दस्तुर | | | | |
| १४२४९ | अन्य दस्तुर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४२५३ | व्यबसाय रजिष्ट्रेसन दस्तुर | | ५४७,६०० | ११८,००० | २९,३०० |
| १४२५४ | रेडियो, एफ.एम. संचालन दस्तुर | | | | |
| **१४३००** | **दण्ड, जरिवाना र जफत** | **४५८,७००** | **२१,५३४,९०६** | **१,१००,०००** | **३,७६७,३९०** |
| **१४३१०** | **दण्ड, जरिवाना र जफत** | **४५८,७००** | **२१,५३४,९०६** | **१,१००,०००** | **३,७६७,३९०** |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | १,०००,००० | - |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ४५८,७०० | २१,५३४,९०६ | १००,००० | ३,७६७,३९० |
| **१४४००** | **अनुदान बाहेकको हस्तान्तरण** | **-** | **-** | **-** | **-** |
| **१४४१०** | **चालु हस्तान्तरण** | **-** | **-** | **-** | **-** |
| १४४११ | चालु हस्तान्तरण | | | | |
| **१४४२०** | **पूँजीगत हस्तान्तरण** | **-** | **-** | **-** | **-** |
| १४४२१ | पूँजीगत हस्तान्तरण | | | | - |
| १४४७१ | बाडफांट वापत प्राप्त हुने मनोरंजनकर | | | | |
| **१४५००** | **विविध राजश्व** | **-** | **-** | **-** | **-** |
| १४५१० | चालु दावी तथा अन्य शुल्कहरु | | - | | - |
| १४५११ | बीमा दावी प्राप्ती | | - | | - |
| **१४५२०** | **अन्य राजश्व** | **४,१६८,१२५** | **५,११८,२३६** | **५,४००,०००** | **-** |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | ४,१६८,१२५ | ५,११८,२३६ | ५,४००,००० | - |
| १४५२२ | साना सवारी कर | | | | |
| १४५२३ | लागत सहभागिता | | | | |
| १४५२९ | अन्य राजश्व (विविध आय) | | | | |
| **१४५३०** | **पूँजीगत राजश्व** | **-** | **-** | **-** | **-** |
| १४५३० | सरकारी घर, जग्गा, गुडविल बिक्रीबाट प्राप्त आय | | - | | - |
| **१५०००** | **बेरुजु** | **-** | **-** | **-** | **-** |
| **१५१००** | **बेरुजु** | **-** | **-** | **-** | **-** |
| १५११० | बेरुजु | | | | |
| १५१११ | बेरुजु | | | | |
| **३३०००** | **दायित्व** | **-** | **-** | **-** | **-** |
| **३३१००** | **आन्तरिक दायित्व** | **-** | **-** | **-** | **-** |
| **३३१९०** | **खुद आन्तरिक ऋण** | **-** | **-** | **-** | **-** |
| ३३१९१ | ऋणपत्र मार्फत् प्राप्त ऋण | | - | | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३१९२ | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण | | - | | - |
| ३३१९३ | अन्य संघ संस्थाबाट प्राप्त ऋण | | - | | - |
| **३३२००** | **वाह्य वित्तिय दायित्व** | - | - | - | - |
| **३३२४०** | **खुद वैदेशिक ऋण** | - | - | - | - |
| **३३२४१** | वैदेशिक ऋणको प्राप्ति | | | | |
| | जनसहभागिता | | ६,६९८,१९३ | | |
| **३२१२१** | गत वर्षको नगद मौज्दात | | - | २४८,१५५,१४३ | - |
| | बैक मौज्दात | १९५,८६८,८०० | २०२,६३२,७८१ | | |
| | **जम्मा राजश्व, अनुदान तथा दायित्व** | **७१०,३५२,२१८** | **८९०,६०५,६३१** | **९८२,९८२,१४३** | **४३५,९६६,०६१** |

**राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण**

मनहरी गाउँपालिकाको माथि उल्लेखित राजश्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भई गाउँपालिकाले संकलन गर्ने राजश्वको आगामी तीन आर्थिक वर्षहरू (आ.व. २०७९।०८० देखि २०८१।०८२सम्म) को आयको सम्भाव्यता लाई प्रक्षेपण गरिएको छ । यो आय प्रक्षेपण गर्दा राजश्व सुधार कार्ययोजनामा योजना गरिएका कृयाकलापहरूको आधारमा अनुमान गरी तयार गरिएको हो । प्रक्षेपणका लागि विगत आर्थिक वर्षको आयको प्रबृत्ति, राजस्व बृद्धि दर र राजस्व सुधार कार्य योजनाको कार्यान्वयले दायरा बढ्न गई सो बाट हुने योगदानको अनुमानलाई आधार लिईएको छ । यसरी अनुमान गर्दा करको दायरामा आउन सक्ने मध्ये पनि कतिपय करका दरमा पहिलो वर्ष करिब ५० प्रतिशत दोस्रो वर्ष ६५ प्रतिशत गरी अनुमान गरिएको छ । गाउँपालिकाले यस प्रक्षेपणलाई भविष्यमा वार्षिक बजेट अनुमानको लागि मार्ग दर्शनको रूपमा लिई आन्तरिक आय बृद्धि गर्नमा सहयोग गर्दछ भन्ने अनुमान गरिएको छ । राजस्व सुधार कार्य योजनाको आधारमा रहेर गरिएको आन्तरिक आयको प्रक्षेपणका मुलभूत मान्यताहरू यस प्रकार रहेका छन ।

**सामान्य मान्यताहरूः**

- गाउँपालिकालाई नै केही करका दर तोकी लागु गर्ने अधिकार प्राप्त भएको ।
- गाउँपालिकामा नयाँ क्षेत्र गाभिएसंगै आय संकलनको आधार (करको दायरा) स्वतः विस्तार भएको ।
- राजश्व सुधार कार्ययोजना कार्यान्वयन भए पश्चात्त गाउँपालिकाको राजश्व प्रशासनमा सुधार आउने ।
- राजश्व प्रशासनमा सुधार आउनुले राजश्व संकलन प्रभावकारी हुने ।

उल्लेखित प्रक्षेपणका आधारमा रही आगामी तीन आर्थिक वर्षहरूका लागि प्रक्षेपित आय निम्नानुसार प्रस्तुत गरिएको छ ।

*तालिका नं. १७: तीन आर्थिक बर्षको लागि आय प्रक्षेपण*

| राजश्व संकेत | राजश्व शिर्षक | प्रक्षेपित आय (आ.व.) | | |
|---|---|---|---|---|
| | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| **१००००** | **राजश्व तथा अनुदान** | **८२२,८८९,३१४** | **९०८,५३७,७७१** | **१,००१,२८४,२३०** |
| **११०००** | **कर** | **११३,५११,२०३** | **१२८,८९९,९८०** | **१४४,२९२,९७६** |
| **११३००** | **सम्पत्ती कर** | **१७,६०७,९३०** | **२१,३४०,५५९** | **२६,१३६,५९४** |
| **११३१०** | **अचल सम्पत्तीमा लाग्ने कर** | **१७,६०७,९३०** | **२१,३४०,५५९** | **२६,१३६,५९४** |
| ११३११ | ब्यक्तिगत सम्पत्तीमा लाग्ने वार्षिक कर | | | |
| ११३१२ | संस्थागत सम्पत्तीमा लाग्ने वार्षिक कर | | | |
| ११३१३ | सम्पत्ति कर | ५,९१४,१८० | ७,६८८,४३४ | १०,०५४,१०६ |
| ११३१४ | भूमी कर (मालपोत) | ५,७४८,७५० | ६,३२३,६२५ | ६,९५५,९८८ |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | | | |
| ११३२१ | घर बहाल कर | ३,९४५,००० | ५,१२८,५०० | ६,७०६,५०० |
| ११३२२ | बहाल विटौरी शुल्क | २,०००,००० | २,२००,००० | २,४२०,००० |

| राजश्व संकेत | राजश्व शिर्षक | प्रक्षेपित आय (आ.व.) | | |
|---|---|---|---|---|
| | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| **११३५०** | **वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर** | | | |
| ११३५१ | वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर | | | |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | **८६,०७७,७२३** | **९४,६८५,४९६** | **१०४,१५४,०४५** |
| **११४१०** | **मुल्य अभिवृद्धि कर** | | | |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ६७,९५७,२१२ | ७४,७५२,९३३ | ८२,२२८,२२६ |
| **११४२०** | **अन्तःशुल्क** | | | |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १८,१२०,५११ | १९,९३२,५६३ | २१,९२५,८१९ |
| **११४४०** | **विशेष सेवामा लाग्ने कर** | | | |
| ११४४२ | स्वास्थ्य सेवा कर | | | |
| ११४४३ | शिक्षा सेवा शुल्क : शैक्षिक संस्था | | | |
| ११४४४ | शिक्षा सेवा शुल्क : वैदेशिक अध्ययन | | | |
| **११४५०** | **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **-** | **-** | **-** |
| ११४५१ | सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर) | | | |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | - | - | - |
| **११४७०** | **मनोरंजन कर** | **४,००३,७५०** | **४,४०४,१२५** | **४,८४४,५३८** |
| ११४७१ | सिनेमा डकुमेन्ट्री | | | |
| ११४७२ | विज्ञापन कर | ३,९०३,७५० | ४,२९४,१२५ | ४,७२३,५३८ |
| ११४७३ | अन्य मनोरंजन कर | १००,००० | ११०,००० | १२१,००० |
| **११६००** | **अन्य कर** | **५,८२१,८००** | **८,४६९,८००** | **९,१५७,८००** |
| **११६१०** | **ब्यवसायले भुक्तानी गर्ने** | १,६१२,००० | १,८६०,००० | २,१०८,००० |
| ११६१३ | ब्यवसाय रजिष्ट्रेशन दस्तुर | २,२०९,८०० | २,२०९,८०० | २,२०९,८०० |
| ११६१४ | रेडियो, एफ.एम. संचालन दस्तुर | | | |
| **११६२०** | **ब्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने** | | | |
| ११६२१ | चालक अनुमती पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | | | |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको ब्यवसायिक कारोवारमा लाग्ने कर | | | |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | | | |
| **११६९०** | **अन्य कर** | **२,०००,०००** | **२,२००,०००** | **२,४२०,०००** |
| ११६९१ | अन्य कर (कवाडी कर) | २,०००,००० | २,२००,००० | २,४२०,००० |
| **१३०००** | **अनुदान** | **४८०,४४३,१००** | **५२८,४८७,४१०** | **५८१,३३६,१५१** |
| **१३१००** | **द्विपक्षीय वैदेशिक अनुदान** | | | |

| राजश्व संकेत | राजश्व शिर्षक | प्रक्षेपित आय (आ.व.) | | |
|---|---|---|---|---|
| | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| **१३११०** | **द्विपक्षीय वैदेशिक चालू अनुदान** | | | |
| १३१११ | द्विपक्षीय वैदेशिक चालू अनुदान | | | |
| **१३१२०** | **द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान** | | | |
| १३१२१ | द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान | | | |
| **१३२००** | **बहुपक्षीय वैदेशिक अनुदान** | | | |
| **१३२१०** | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | | | |
| १३२११ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | |
| १३२१२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | |
| **१३२२०** | **बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान** | | | |
| १३२२१ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | |
| १३२२२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | |
| **१३३००** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **४८०,४४३,१००** | **५२८,४८७,४१०** | **५८१,३३६,१५१** |
| **१३३१०** | **अन्तरसरकारी अनुदान** | **४६२,५७३,१००** | **५०८,८३०,४१०** | **५५९,७१३,४५१** |
| १३३११ | समानिकरण अनुदान | १५६,४२५,५०० | १७२,०६८,०५० | १८९,२७४,८५५ |
| १३३१२ | शसर्त अनुदान | २४१,०२१,००० | २६५,१२३,१०० | २९१,६३५,४१० |
| १३३१३ | विषेश अनुदान | २०,३५०,००० | २२,३८५,००० | २४,६२३,५०० |
| १३३१४ | समपुरक अनुदान | ३२,७८६,६०० | ३६,०६५,२६० | ३९,६७१,७८६ |
| १३३१५ | अन्य अनुदान | ११,९९०,००० | १३,१८९,००० | १४,५०७,९०० |
| **१३३२०** | **अन्तरसरकारी पूँजीगत अनुदान** | **१७,८७०,०००** | **१९,६५७,०००** | **२१,६२२,७००** |
| १३३२१ | शसर्त पूँजीगत अनुदान | १२,८७०,००० | १४,१५७,००० | १५,५७२,७०० |
| १३३२२ | विशेष पूँजीगत अनुदान | ५,०००,००० | ५,५००,००० | ६,०५०,००० |
| **१४०००** | **अन्य राजश्व** | **२२८,९३५,०११** | **२५१,१५०,३८२** | **२७५,६५५,१०३** |
| **१४१००** | **सम्पत्तिबाट प्राप्त आय** | | | |
| **१४११०** | **ब्याज** | | | |
| १४१११ | वित्तीय निकायबाट प्राप्त ब्याज | | | |
| १४११२ | ब्यापारिक निकायबाट प्राप्त ब्याज | | | |
| १४११३ | औद्योगिक निकायबाट प्राप्त ब्याज | | | |
| १४११४ | सेवामुलक निकायबाट प्राप्त ब्याज | | | |
| १४११९ | अन्य निकायबाट प्राप्त ब्याज | | | |
| **१४१२०** | **लाभांश** | | | |
